ठुली भेरी नगरपालिका
नगर कार्यपालिका कार्यालय
जुफाल, डोल्पा
कर्णाली प्रदेश, नेपाल ।

# अन्तिम प्रतिवेदन

# ठुली भेरी नगरपालिका, जुफाल, डोल्पा जिल्लाको
# राजस्व सुधार कार्ययोजना

पेशकर्ता


भूगोल ईन्जिनियरिङ्ग कन्सल्ट्यान्ट प्रा.लि.
सुबिधानगर-३२ काठमाण्डौ, नेपाल ।
ई-मेल: bhugol.eng@gmail.com
फोन नं.: ९८५१२२४०२४

# राजस्व सुधार कार्ययोजना
# २०८०/८१–२०८३/८४

## ठुली भेरी नगरपालिका
## डोल्पा

२०८०

# विषय सूची

**परिच्छेद - एकः परिचय** **१**

१.१ पृष्ठभूमि १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू ३

१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ४

१.५ अध्ययनको सीमा ८

**परिच्छेद – दुईः ठुली भेरी नगरपालिकाको संक्षिप्त परिचय** **१०**

२.१ ठुली भेरी नगरपालिको गठन तथा नामाकरण १०

२.२ प्रशासनिक विभाजन १०

२.३ भौगोलिक तथा प्राकृतिक अवस्था ११

२.४ वडागत रूपमा घरधुरी तथा जनसङ्ख्या ११

२.५ आर्थिक अवस्था १२

२.६ नगरपालिकाको मानव संसाधनको अवस्था १२

२.७ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था १३

**परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** **१४**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था १४

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था १९

३.३ आन्तरिक स्रोत तर्फ राजस्व सङ्कलनको प्रमूख क्षेत्र र सम्भावनाको विश्लेषण २०

३.३.१ कर राजस्व २१

३.३.२ गैर कर राजस्व २८

**परिच्छेद–चारः आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था** **३८**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ३८

४.२ आय सङ्कलनको संस्थागत क्षमता ४१

४.२.१ स्थानीय राजस्व परामर्श समिति ४१

४.३ नगरपालिकाको आन्तरिक आय परिचालन ४४

४.४. राजस्व परिचालनमा रहेका सवालहरू ४७

**परिच्छेद–पाँचः राजस्व सुधार कार्ययोजना** **५०**

**परिच्छेद–छः आगामी तीन वर्षको आय प्रक्षेपण** **५४**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५४

६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ५७

**परिच्छेद – सातः अपेक्षित नतिजा** **६२**

**परिच्छेद – आठः कार्ययोजनाको अनूगमन तथा मुल्याङ्कन** **६५**

**अनुसूचिहरू** **६७**

अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची ६८

अनूसुची २: राजस्व सुधार कार्ययोजनाका सूचकहरू ७१

अनूसुची ३: विषयगत विश्लेषणसँग सम्बन्धित तथ्याङ्क सङ्कलनको नमुना फाराम ७४

अनूसुचि ४: वस्तूगत विश्लेषणसँग सम्बन्धित तथ्याङ्क सङ्कलनको नमुना फाराम ७८

अनुसूची ५: आय प्रक्षेपणको ढाँचा ८५

अनुसूची ६: गोष्ठीमा सहभागीहरुको सूची ९२

अनुसूची ७: गोष्ठीमा सहभागीहरुको फोटो ९८

## तालिका सूची

तालिका १: वडा अनुसार क्षेत्रफल र कार्यायिल भएको स्थान १०

तालिका २: वडा अनुसार घरधुरी तथा जनसङ्ख्या १२

तालिका ३: ठुलिभेरी नगरपालिका कार्यालयको दरबन्दी तेरिज १३

तालिका ४: आयका शीर्षक र सम्भावनाहरू १९

तालिका ५: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २२

तालिका ६: सम्भाव्य मालपोत कर २३

तालिका ७: घर तथा व्यवसाय बहालमा लगाए वापत प्राप्त हुनसक्ने २५

तालिका ८: व्यवसाय कर तथा सम्भावित आय २६

तालिका ९: विज्ञापन कर तथा सम्भावित आय २८

तालिका १०: ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्रीबाट सम्भावित आय २९

तालिका ११: नक्सा पास दस्तुर अन्तर्गत अनूमानित राजस्व ३०

तालिका १२: रजिस्ट्रेसन दस्तुर अन्तर्गत अनूमानित राजस्व ३२

तालिका १३: सिफारिश तथा प्रमाणित दस्तुर अन्तर्गत अनूमानित राजस्व ३३

तालिका १४: जडीबुटि कर अन्तर्गत अनूमानित राजस्व ३४

तालिका १५: फोहोरमैला व्यवस्थापन शुल्क अन्तर्गत अनूमानित राजस्व ३६

तालिका १६: पार्किङ शुल्क अन्तर्गत अनूमानित राजस्व ३७

तालिका १७: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ३९

तालिका १८: राजस्व परामर्श समिति ४२

तालिका १९: ठुली भेरी नगरपालिकामा राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण ४३

तालिका २०: राजस्व परिचालनको वर्तमान अवस्था ४४

तालिका २१: नगरपालिकाको विगतको आय परिचालनको अवस्था (रु हजारमा) ४६
तालिका २२: राजस्व सुधार कार्ययोजनाहरू ५०
तालिका २३: गैरकर राजस्व सुधार योजनाहरू ५२
तालिका २४: आगामी तीन आ.व.हरू का लागी राजस्व प्रक्षेपण (रु. हजारमा) ५४
तालिका २५: आगामी तीन आ.व.का लागी राजस्व प्रक्षेपण ५८
तालिका २६: प्रक्षेपित आय संरचना संक्षेपमा ६३

## चित्र सूची

चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाका चरणहरू ४
चित्र २: ठुलिभेरी नगरपालिकाको भौगोलिक अवस्थिति ११
चित्र ३: स्थानीय तहको राजस्व अधिकार १४
चित्र ४: राजस्व तथा करका विभिन्न शीर्षकहरू २१
चित्र ५: व्यवसाय कर सङ्कलनको सम्भावित सुधारहरू २७
चित्र ६: राजस्व परिचालनमा रहेका सबालहरू ४८
चित्र ७: राजस्व सुधारका कार्य योजनाहरू ६५

# परिच्छेद - एक: परिचय

## १.१ पृष्ठभूमि

वर्तमान संविधानले राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको अधिकार क्षेत्र निर्धारण गरेको छ। यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत-साधनको परिपूर्तिका लागी सङ्घ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ । सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा गर्न सम्भव नहुने भएकोले राजस्व अधिकारको समेत तहगत सरकारबिच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत सम्वैधानिक रूपमै प्रदान गरिएको छ। त्यसैगरी सङ्घ सरकारबाट असुल हुने मूल्य अभिवृद्धि कर र आन्तरिक अन्त शुल्कबाट प्राप्त हुने राजस्वबाट तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी रकमबाट तोकिएको प्रतिशत रकम प्रदेश तथा स्थानीय सरकारलाई बाँडफाँड हुने प्रावधान रहेको छ ।

नेपालको संविधानको अनुसूचि ८ मा स्थानीय सरकारहरूले विभिन्न किसिमका राजस्व उठाउन सक्ने अधिकारको बारेमा उल्लेख गरिएको छ। यी अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त रकमले स्थानीय तहको खर्चको आवश्यकता केही अंशमात्र पूरा हुने हो सबै आवश्यकता पूरा हुन सक्दैन। खर्च आवश्यकता र स्रोतका बिचको अन्तर कम गर्न राज्यको राजस्व अधिकार मध्येबाट समेत तहगत सरकार बिच राजस्व अधिकार बाँडफाँड गरिएको छ। अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानुन वमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्न सक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ।

वर्तमान अवस्थासम्म अधिकांश स्थानीय निकायहरू सङ्घ र प्रदेशबाट प्रदान गरिएको बाह्य स्रोतमा निर्भर रहेको देखिन्छ। स्थानीय तहहरूलाई स्थानीय राजस्व उठाउने अधिकार प्रत्यायोजन गरिएको छ तापनि उनीहरू करको सम्भाव्यता पहिचान गर्न, कर सम्बन्धी डाटावेस बनाउन र कर प्रशासनलाई नियमन गर्न कमजोर देखिन्छन्। संविधान र कानुनबाट प्राप्त अधिकारलाई उपयोग गर्ने क्रममा स्थानीय सरकारहरू प्रदेश र सङ्घको मुख मात्रै ताक्ने र आन्तरिक स्रोत र राजस्व परिचालनमा लामो समय उदासिन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय सरकारको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन। यसबाट छुट्कारा पाउनको लागी थानीय तहको राजस्व अधिकारका सम्भावनाहरूको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागी अवलम्वन गर्नुपर्ने नीतिगत, कानुनी र व्यवस्थापकीय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन

गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागी राजस्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ ।

यसै सन्दर्भमा कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्लाको ठुलिभेरी नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागी राजस्व सुधारका क्रियाकलापहरू पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यो कार्ययोजनालाई स्थानीय तहलाई आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजस्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत मिल्ने विश्वास लिईएको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

हाल नेपालको राज्य सञ्चालनमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहबाट हुने व्यवस्था नेपालको संविधानले व्याख्या गरेको छ । देशमा सङ्घीयता आएपछि पहिले केन्द्रले दिने रकम तथा बजेटमा मात्र आश्रित स्थानीय तहहरूलाई पनि आफैंले राजस्व सङ्कलन गर्न सक्ने अधिकार प्रत्याभूत गरिएको छ । त्यसैले स्थानीय सरकारलाई सङ्घ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व विनियोजन बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी सङ्घसंस्थाबाट अनुदान रकम प्राप्त गर्नसक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरणलाई व्यवस्थापन गरिनुका साथै स्थानीय सरकारले कर लनगरदा वैज्ञानिक करका आधारभूत मान्यताहरूका आधारमा कर करदाताले तिर्न सक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गर्न र कर लनगरदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय सरकारको आन्तरिक राजस्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन (२०७४) ले पालिकाहरूलाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई व्यवस्थित तथा परिणाममूखी तरिकाले कार्यान्वयन गर्न सक्ने क्षमता सबैमा विकास भइसकेको छैन । यसको पछाडि अनेक कारणहरू हुनसक्छन् जस्तै सङ्घीय संरचनाको अभ्यास नयाँ हुनु, आयका स्रोतहरूको पहिचान गर्नसक्ने खालको दक्ष जनशक्ति अधिकांश स्थानीय तहहरूमा नहुनु, अनुगमन संयन्त्र नहुनु, स्थानीय तहहरूसँग रहेका सम्भाव्य स्रोतहरूका बारेमा तथ्याङ्क नहुनु, राजस्व सङ्कलन र

त्यसको बाँडफाँड बारेमा जनतालाई बुझाउन नसक्नु, स्थानीय तहमा राजस्वको दायरा वृद्धि गर्ने सम्बन्धमा स्थानीय तहको नेतृत्वको इच्छाशक्ति कम हुनु आदि ।

उल्लिखित अवस्थाहरूमा सुधार ल्याउनको लागी आन्तरिक आयको अवस्था विश्लेषण गरी सुधारका मार्गहरूपय पहिचान गर्नु, राजस्व वृद्धिका सम्भावनाहरूको खोजी गर्नु, राजस्व प्रशासनको विद्यमान सङ्गठनात्मक संरचनाको विश्लेषण गर्दै सुधारका ठोस आधारहरू पहिल्याउनु, र आगामी ३ आर्थिक वर्षको  राजस्वको  प्रक्षेपण गर्नु नितान्त आवश्यक हुने हुँदा यस प्रतिवेदनमा कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्लाका ठुलिभेरी नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार पारिएको छ ।

## १.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू

ठुलिभेरी नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको सम्भावना तथा देखिएका समस्याहरूलाई न्यूनीकरण गर्न यस कार्ययोजना तयारी गर्नु तथा सोका आधारमा आगामी तीन वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- ✓ स्थानीय तहका जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- ✓ विभिन्न शिर्षकका कर र यसका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- ✓ आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- ✓ स्थानीय तहको राजस्व प्रशासनको सङ्गठनात्मक संरचना, राजस्व सङ्कलन तथा विलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्ने ।
- ✓ स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- ✓ नयाँ सम्भावनाहरू
- ✓ को पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- ✓ स्थानीय तहको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानुनी तथा संस्थागत व्यवस्थाको पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारको लागि सुझाव प्रदान गर्ने ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जूमा विधि र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसारका चरणमा प्रस्तुति गरिएको छ ।




चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाका चरणहरू

**पहिलो चरणः सन्दर्भ सामग्री सङ्कलन तथा समीक्षा**

यस चरणमा राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरूको सङ्कलन, अध्ययन तथा समीक्षा गरियो । सङ्कलित सामग्रीहरूको समीक्षाले कामको रूपरेखा निर्धारण गर्न मद्दत पुगेको थियो । कार्ययोजना निर्माणको लागी आवश्यक सूचकहरू पहिचान गर्न र सूचना सङ्कलनको लागी आवश्यक प्रश्नावली तथा चेकलिस्ट विकास गर्ने कार्यको लागी पनि सन्दर्भ सामग्रीको अध्ययनले मद्दत पुगेको थियो । राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सन्दर्भमा अध्ययन गरिएका केही मूख्य सन्दर्भ सामग्रीहरूको सूची तल उल्लेख गरिएको छ ।

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र |
|---|---|
| नेपालको संविधान | राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९ : धारा २२८ देखी २३० सम्म)<br>स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखी २३० सम्म)<br>सङ्घ, प्रदेश तथा स्थानीय सरकारको अधिकार सूची ( अनुसूची ५ देखी ९ सम्म) |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेदः ३)<br>गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र ( परिच्छेदः ९)<br>गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेदः १०) |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | राजस्वको अधिकार (परिच्छेदः २)<br>राजस्वको बाँडफाँड (परिच्छेदः३)<br>अनुदानको व्यवस्था (परिच्छेदः ४)<br>वैदेशिक सहायता तथा ऋण (परिच्छेदः५)<br>आय व्ययको प्रक्षेपण गर्ने (दफा १८)<br>राजस्व प्रस्ताव तयार गर्ने (दफा १९)<br>वित्तिय अनुशासन (परिच्छेदः ८)<br>सङ्घ, प्रदेश र स्थानीय सरकारले लगाउन सक्ने कर (अनुसूची १,२ र ३)<br>प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची ४) |
| राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ | प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथाअनुदान (परिच्छेद ४) |
| केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन | स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी विषयमा गरिएका संशोधनहरू |
| नेपाल सरकारको वार्षिक वजेट वक्तब्य र आर्थिक ऐनहरू | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा भएका संशोधित प्रावधानहरू |
| प्रदेश सरकारको वार्षिक वजेट वक्तब्य र प्रदेश आर्थिक ऐनहरू | स्थानीय तह र प्रदेश सरकारबिच साझा अधिकार सूचीका विषयमा प्रदेश कानुनले गरेका व्यबस्थाहरू |
| एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ | स्थानीय तहको राजस्व प्रक्षेपणको ढाँचामा एक रूपताका लागी |
| स्थानीय तहको वस्तुगत विवरण (प्रोफाइल) | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरूको आधार (Base) बारेको सूचना र तथ्याङ्क |

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र |
|---|---|
| स्थानीय तहका विभिन्न आर्थिक वर्षहरूको योजना, बजेट तथा कार्यक्रमहरू | स्थानीय राजस्व र आयको प्रबृत्ति विश्लेषण |
| सङ्घ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू | स्थानीय तहको राजस्व अधिकारको उपयोगका लागी कानुनी र नीतिगत व्यबस्था |
| अन्य स्थानीय तहले विगतमा तर्जुमा<br>गरेका कार्ययोजनाहरू | सन्दर्भ सामग्रीको रूपमा |
| अन्य दस्तावेजहरू ............. | सन्दर्भ सामग्रीको रूपमा |

**दोस्रो चरण: फिल्ड सर्भे पूर्व तयारी छलफल**

पालिकामा कार्ययोजना तर्जुमाका लागी आवश्यक तथ्याङ्क/सूचना सङ्कलन गर्न जानुभन्दा पहिले छलफल कार्यक्रममा परामर्शदाताले तयार पारेको प्रश्नावली तथा चेकलिस्टका बारेमा विस्तृत छलफल भयो र उक्त छलफलमाआएका सुझावहरूलाई समेत सम्बोधन गरी प्रश्नावली तथा चेकलिस्टलाई अन्तिम रूप दिइएको थियो । उक्त कार्यक्रममा परामर्शदाताको तर्फबाट विषय विशेषज्ञले राजस्व सुधार कार्ययोजना सम्बन्धी सैद्धान्तिक र व्यवाहारिक पक्षहरूको बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो । उक्त प्रस्तुतीकरणमा उठेका जिज्ञासाहरूलाई सम्बोधन पनि गरिएको थियो ।

**तेस्रो चरण: अभिमुखीकरण तथा राजस्व सुधार कार्य योजना तयारी कार्यशाला**

नगरपालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागी भूगोलबाट खटिने फिल्ड अनुसन्धान टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरू र राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०८०/०१/१० मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो ।

**चौथो चरण: तथ्याङ्क/सूचना सङ्कलन**

कार्ययोजना तर्जुमाका लागी संस्थागत सूचना तथा तथ्याङ्कहरू समेत आवश्यक पर्ने हुन्छ । यसका लागी स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरू, राजस्व सम्बन्धी कानुनहरू, प्रगति विबरणहरू तथा खर्चको फाँटबारी, प्रारम्भिक वाताबरणीय परिक्षण प्रतिवेदन, संभाव्यता अध्ययन प्रतिवेदनहरूबाट पनि आवश्यक सूचना र तथ्याङ्क प्राप्त गरियो । त्यस बाहेक स्थानीय उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरूको सङ्गठन, होटल

व्यवसायीहरूको सङ्गठन आदि पेसागत एबम् व्यवसायिक संस्थाहरू लगायतका सरोकारवाला पक्षहरूसंगको लक्षित समूह छलफलबाट पनि आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरू सङ्कलन गरिएको थियो ।

- राजस्व प्रशासनको वर्तमान अवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागी अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरू
- कम्तीमा विगत तीन आर्थिक वर्षहरूको अनुमानित तथा यथार्थ आय विवरण
- गत वर्ष तथा चालु वर्षको हाल सम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय सङ्कलनको संभावित नयाँ क्षेत्र तथा दायरा सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागी गर्नुपर्ने कार्यहरू तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचना/तथ्याङ्कहरू नमिल्दा र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणीकरण गरिएको थियो । यसरी प्रमाणीकरण गरिसकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरूले खोजे अनुसार तालिकामा रूपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागी आवश्यक तथ्याङ्क राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ **को अनुसूची २** अनुसार र विषयगत विश्लेषणको लागी आवश्यक तथ्याङ्क **अनुसूची ३** अनुसार सङ्कलन गरिएको थियो ।

### पाँचौ चरणः पाँचौ चरणः सूचना/तथ्याङ्कको विश्लेषण

राजस्व सुधार कार्ययोजनाको लागी आवश्यक सूचना/तथ्याङ्कक संकलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई विश्लेषण गरिएको थियो । सूचना विश्लेषणको लागी तथ्याङ्कीय विधि तथा गुणात्मक विश्लेषण विधि दुवैलाई प्रयोगमा ल्याइने छ । राजस्व सम्वन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागी गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको थियो भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको थियो ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयनपश्चात् आय सङ्कलनमा पार्ने प्रभावहरूको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले ठुलिभेरी नगरपालिकाको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ। यसैगरी ठुलिभेरी नगरपालिकाको विगतको आयको वृद्धिदरको विश्लेषण गरी आय सङ्कलनको अवस्थालाई विश्लेषण गरिएको छ। सुरु र अन्तिम विन्दुको आधारमा वार्षिक वृद्धिदरको गणना निम्न सूत्रको प्रयोग गरी गरिएको थियो ।

$$CAGR = \left[\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right]^{\left[\frac{1}{\text{Number of Years}}\right]} - 1$$

जहाँ, CAGR .औसत वार्षिक वृद्धिदर

Ending Value. अन्तिम वर्षको यथार्थ रकम

Beginning Value. पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण **अनुसूची ४** अनुसार गरिनेछ ।

### छैठौं चरणः मस्यौदा प्रतिवेदनको तयारी

अध्ययनबाट आएका तथ्याङ्क तथा सूचनाहरूलाई विभिन्न तथ्याङ्कीय विश्लेषण तथा गुणात्मक विश्लेषण विधिहरूको प्रयोग गरी मस्यौदा प्रतिवेदन तयार गरिएको छ । लेखनको कार्य सकेसम्म भाषागत विज्ञता भएका व्यक्तिले गर्दा राम्रो हुने हुँदा लेखनको जिम्मेवारी कसले लिने हो पूर्व तयारी चरणमै निश्चित गरिएको थियो । प्रतिवेदनको विषयसूची निम्न अनुसार छ ।

### सातौं चरणः मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव सङ्कलन

उपरोक्त चरणहरू पश्चात तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सम्वन्धित सरोकारवालाहरू समक्ष प्रस्तुत गरी सुझाव लिइने छ । यसका लागी परामर्श कार्यशाला/बैठकको आयोजना गरिने छ। यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरूलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरूलाई जानकारी प्रदान गर्न पनि सहयोग पुग्ने छ।

### आठौं चरणः अन्तिम प्रतिवेदन तयारी तथा स्वीकृत

मस्यौदा प्रतिवेदनमा प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिनेछ । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरूको बिचमा प्रस्तुतीकरण गरिनेछ । दिइएका सुझाबहरूको यथोचित सम्बोधन गरी प्रतिवेदनलाई अन्तिम रूप दिइने छ र स्थानीय राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेस गरी कार्यपालिकाबाट स्वीकृत गराइने छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागी आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको सीमा

यस ठुलिभेरी नगरपालिको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि उपलब्ध सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन निम्न अनुसारको सीमामा रहि तयार गरिएको छ ।

१. यस राजस्व सुधार कार्ययोजना ठुलिभेरी नगरपालिको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग गरिएको छलफल, गोष्ठी, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सूझाव र सूचनाको आधारमा तयार गरिएको हो ।

२. सङ्घ तथा प्रदेश सरकारबाट नगरपालिकाले प्राप्त गर्ने राजस्व बाँडफाँड र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक रूपले वृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा नगरपालिकाबाट प्राप्त हुने राजस्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।

३. राजस्व सम्भाव्यता आँकलन गर्न प्रमाणिक तथ्याङ्क नभएको अवस्थामा सरोकारवाला हरूसँगको अन्तर्क्रिया द्वारा आवश्यक तथ्याङ्क लिएको थियो ।

# परिच्छेद – दुईः ठुली भेरी नगरपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा नगरपालिकाको संक्षिप्त परिचय, अवस्थिति, मावन संशाधन साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था र नगरपालिकाको संस्थागत क्षमतालाई पनि चित्रण गरिएको छ।

## २.१ ठुली भेरी नगरपालिको गठन तथा नामाकरण

कर्णाली प्रदेश अन्तर्गत डोल्पा जिल्लाका ८ वटा स्थानीय तहहरु मध्य ठुलिभेरी नगरपालिका एक हो। साबिकका ४ गा.वि.स. (दुनै, रह, जुफाल र माझफाल) मिलि ठूलिभेरी नगरपालिका गठन गरिएको हो। यस नगरपालिका ११ वटा वडामा विभाजित छ भने नगरपालिकाको केन्द्र जुफालमा रहेको छ। यस नगरपालिकाको क्षेत्रफल ४२१.३४ बर्ग कि.मि.रहेको छ। जिल्लाको मध्य भागमा पर्ने यस नगरपालिकाको उत्तरमा शे-फोक्सुन्डो गा.पा., दक्षिणमा रुकुम जिल्ला, पुर्वमा काइके गा.पा. र पश्चिममा त्रिपुरासुन्दरी नगरपालिका पर्दछ। नगरपालिका हुदै बग्ने ठूलिभेरि नदिको नामबाट नगरपालिकाको नामाकरण गरिएको हो।

## २.२ प्रशासनिक विभाजन

यस नगरपालिकाको हालका वडा,तिनको क्षेत्रफल र वडा कार्यालय रहेको स्थान सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। भौगोलिक रूपमा सबैभन्दा ठूलो वडा नं. ६ ले १०४.१ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ भने सबैभन्दा कम भूगोल ओगटेको वडा नं. ९ ले ६.३५ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ।

तालिका १: वडा अनुसार क्षेत्रफल र कार्यायल भएको स्थान

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मी.) | वडा कार्यालय रहेको स्थान |
|---|---|---|
| १ | २४.२३ | थला |
| २ | ९२.४४ | लाचा |
| ३ | २७.२४ | दुनै |
| ४ | ३२.४७ | तिप्ला |
| ५ | १६.६८ | मझफाल |
| ६ | १०४.१ | थरगाउँ |
| ७ | ८.७१ | जुफाल |
| ८ | १६.७९ | डागिबाडा |
| ९ | ६.३५ | मतिपुर |
| १० | ३३.१९ | परिला |
| ११ | ५९.१९ | रह |
| **जम्मा** | **४२१.४** | |

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

डोल्पा जिल्लाको मध्य भागमा अवस्थित ठूलिभेरी नगरपालिकाको धेरैजसो भु-भाग पहाडी क्षेत्रमा पर्ने भएकोले भिरालोपन बढि रहेको छ ।अधिकांश भाग चट्टान युक्त कंकड खैरो माटो, जंगल, खोला नालाले ढाकेको छ । समुन्द्र सतहबाट १९०० मिटर देखि ५००० मिटरसम्म उचाइमा अवस्थित यस नगरपालिका उत्तर बाट दक्षिण तर्फ फैलिएर रहेको छ । यस नगरपालिकाको कम उचाइको भु भाग खेतियोग्य जमिन र प्रचुर मात्रामा स्याउ, ओखर, आरु, नास्पति, दारिम आदि फलफुलको लागि उपयुक्त छ र सल्लो, धुपि, द्‍यार, डाले घाँस, बयस, आदि जंगलले ढाकेको छ भने बढि उचाइको भु भाग घाँसे मैदान र यार्सागुम्बा लगायत विभिन्न जडिबुटिको लागि उपयुक्त छ ।




चित्र २: ठुलिभेरी नगरपालिकाको भौगोलिक अवस्थिति

## २.४ वडागत रूपमा घरधुरी तथा जनसङ्ख्या

यस नगरपालिकाको घरधुरी सर्वेक्षण, २०७५ का अनुसार कूल जनसङ्ख्या ९१८६ (महिला ४६४० र पुरुष ४५४६) र १८४० घरधुरी रहेको थियो। बि.सं.२०७८ को राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकामा २३२७ घरधुरीमा ४९१४ महिला र ४९४७ पुरुष गरि कूल ९८६१ जनसङ्ख्या रहेको छ। साथै यस नगरपालिकाको जनधनत्व ८८.९९ जना प्रति वर्ग किलोमिटर रहेको छ। २०७८ को जनगणना अनुसार सबैभन्दा बढी जनसङ्ख्या वडा न. ३ मा (१७५६) र सबैभन्दा कम जनसङ्ख्या वडा नं. १ मा (३७८) रहेको छ। यस नगरपालिकाको वडा अनुसार जनसङ्ख्या तथा घरधुरी विवरण तलको तालिका २ मा दिइएको छ।

तालिका २: वडा अनुसार घरधुरी तथा जनसङ्ख्या

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | ९० | १९४ | १८४ | ३७८ |
| २ | १०९ | २४० | २४३ | ४८३ |
| ३ | ५२३ | ८९१ | ८६५ | १७५६ |
| ४ | १०७ | २५८ | २३६ | ४९४ |
| ५ | ३०१ | ६९७ | ७०३ | १४०० |
| ६ | ३३४ | ७७० | ८०० | १५७० |
| ७ | २७३ | ५५२ | ५६० | १११२ |
| ८ | १८७ | ४३० | ४३४ | ८६४ |
| ९ | १४२ | ३२८ | ३५४ | ६८२ |
| १० | ९१ | २०१ | १९१ | ३९२ |
| ११ | १७० | ३८६ | ३४४ | ७३० |
| जम्मा | २३२७ | ४९४७ | ४९१४ | ९८६१ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

## २.५ आर्थिक अवस्था

यस नगरपालिकाको पार्श्वचित्र २०७५ र फिल्ड अध्ययनका आधारमा यस नगरपालिकाको प्रमुख पेसा कृषि तथा पशुपालन रहेको छ। यस ठुलिभेरी नगरपालिकामा आफ्नै कृषि उत्पादनले वर्षभरि खान पुग्ने जनसङ्ख्या भने कमै रहेको सर्भेक्षणबाट देखिन्छ। अन्न वाली, दलहन, तेलहन, तरकारी, फलफुल तथा जडिवुटी खेती गरिएको यस क्षेत्रमा सबैभन्दा वढि खाद्यान्न उत्पादन र सबैभन्दा कम नगदे वाली रहेको देख्न सकिन्छ । नगरपालिका भित्रका साविकका गा.वि.स.मा दलहन र तेलहन वालीको उत्पादन तुलनात्मक रूपमा कम हुने गरेको पाईन्छ। यस नगरपालिकाका जनताको प्रमुख पेशा कृषि (४६.७ %) रहेको छ। त्यसमध्ये पनि आय आर्जनका हिसाबले महत्वपूर्ण मानिने र बाख्रापालनका लागि उपयुक्त हावापानी, चरन समेत पाईने भएकाले बाख्रा पालन गरेको पाईन्छ भने गाई गोरू तथा भैंसी पनि पाल्ने गरेको पाईन्छ। साथै अधिकांश घरहरुमा घरयासी प्रयोजनको लागि घोडा खच्चर र कुखुरा पालेको पाइन्छ। यस नगरपालिकामा कृषि (धान, मकै, कोदो) बाहेक गाई गोरु, बाख्रा पालन पनि गरेको देखिन्छ । पार्श्वचित्र २०७५ अनुसार बाख्रा पालनबाट वार्षिक १२९८० के. जी. मासु र गाई ,भैंसिबाट ११५० लि. दुध उत्पादन भएको देखिन्छ।

## २.६ नगरपालिकाको मानव संसाधनको अवस्था

गाउँपालिका/नगरपालिकाको पछिल्लो निर्वाचन २०७८ वैशाखमा सम्पन्न भइ हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् नगरपालिकाको कार्य सञ्चालन भइ आएको छ। यस नगरपालिकामा रहेको दरबन्दी अनुसार हाल निम्नानुसार कर्मचारीहरू कार्यरत रहेका छन्। जसको विवरण तालिका ३ मा

प्रस्तुत गरिएको छ । यस नगरपालिकाको कार्यालयमा २०८१ वैशाख महिनामा कार्यरत स्थायी कर्मचारीहरूको सङ्ख्यात्मक विवरण देहाय अनुसार रहेको छ ।

तालिका ३: ठुलिभेरी नगरपालिका कार्यालयको दरबन्दी तेरिज

| क्र.सं. | पद | सेवा | कार्यरत सङ्ख्या |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | १ |
| २ | अधिकृत | शिक्षा | २ |
| ३ | अधिकृत | प्रशासन | ३ |
| ४ | अधिकृत | योजना | १ |
| ५ | अधिकृत | स्वास्थ्य | १ |
| ६ | अधिकृत | सा.वि | १ |
| ७ | अधिकृत | कृषि | १ |
| ८ | अधिकृत | पशु | १ |
| ९ | अधिकृत | लेखा | ३ |
| १० | हेल्थ असिस्टेन्ट | स्वास्थ्य | १ |
| ११ | इन्जिनियर | प्राबिधिक | २ |
| १२ | सव ईन्जिनियर | प्राबिधिक | २ |
| १३ | सहायक | प्राविधिक, लेखा, आलेप, पशु, वडा, जिन्सि, कृषि, प्रशासन, योजना | ७ |
| १४ | कार्यायल सहयोगी | नगरपालिका कार्यालय | ३ |
| | **नगर कार्यपालिकाको कार्यालय तर्फ कूल** | | २९ |
| | **वडा कार्यालय तर्फ कूल** | | २२ |
| | **कूल जम्मा** | | ५१ |

स्रोत: ठुलिभेरी नगरपालिको आधिकारीक वेबसाइट, २०८१ वैशाख

## २.७ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था

यस ठुलिभेरी नगरपालिकाको वडा ३ र नगरपालिकाको प्रसाशनिक भवन निर्माणाधिन रहेकाले हाल भाडाको भवनमा कार्यालय सञ्चालन भैरहेको छ । साथै अन्य सबै वडा कार्यालयको भवन निर्माणका क्रममा रहेका छन् । आफ्नो भवन नभएका वडाहरूले निकट भविष्यमा आफै भवन बनाउने योजना पनि रहेको छ । सवारी साधन अन्तर्गत यस नगरपालिकामा जेसीबी १, ट्याक्टर १, एम्बुलेन्स १ र मोटरसाइकल ८ थान रहेका छन् । यस नगरपालिका तथा सबै वडाहरूमा कम्प्युटर तथा प्रिन्टर, टेबुल, कुर्सी, सोफा, दराज लगायत कार्यालय सामग्रीहरू आवश्यकता अनुसार रहेका छन् ।

# परिच्छेद - तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेद तीनमा नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतीहरूलाई शीर्षकगत रूपमा विस्तृत विश्लेषण गरिएको छ। यस विश्लेषणबाट नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग गर्ने छ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार अन्तर्गत निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ। चित्र नं. ३ मा राजस्व अधिकारहरूलाई देखाइएको छ।




चित्र ३: स्थानीय तहको राजस्व अधिकार

सङ्घीय कानुन अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छः

**क) नगरपालिकाको एकल अधिकारः**

**१) कर**

- **सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने। ऐनमा "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने। *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*
- **भूमि कर (मालपोत)ः** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमि कर लगाउने। तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने। *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*
- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लगाउने कर नै घर जग्गा बहाल कर हो।
- **व्यवसाय करः** पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा।
- **सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा।
- **जडीबुटी, कबाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कबाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत।

**२) शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत।
- **पार्किङ् शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत।

**३) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा।
- नगरपालिकाद्वारा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला,

पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ।

- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**४) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
  - एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ्ग ।
  - ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**५) बिक्री गर्न सक्ने** (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**६) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**७)** **प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कूलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- खानेपानी महशूल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाइ सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहीन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

सङ्घीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्न अनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क)** **एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने। तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर नगरपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिस्ट्रेसन शुल्कको दर प्रदेशले लगाउने र नगरपालिका वा गाउँपालिकाले उठाउने।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र नगरपालिका वा गाउँपालिकाले उठाउने

(घ) विज्ञापन करको दर नगरपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिका वा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने।

– प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने

– आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने

– प्रदेशले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले सङ्कलन गरको मूल्य अभिवृद्धि कर र अन्तः शुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रूपमा प्राप्त हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रूपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- ससर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कूल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागी सङ्घ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागी ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ। स्थानीय तहले कानुनमा उल्लेख बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)

- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामूहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

नगरपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले नगरपालिकामा सम्भावना भएका आयका शीर्षकहरूको सम्भाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

तालिका ४: आयका शीर्षक र सम्भावनाहरू

| क्र.सं. | आयका शीर्षक | सम्भावना छ/छैन | दर निर्धारण छ/छैन | सङ्कलन भएको/ नभएको |
|---|---|---|---|---|
| **(क)** | **कर तर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | छ | भएको |
| २ | सम्पत्ति कर | छ | छ | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | छ | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | छ | भएको |
| ५ | व्यवसाय कर | छ | छ | भएको |
| ६ | जडीबुटी, कबाडी र जीवजन्तु कर | छ | छ | भएको |
| ७ | विज्ञापन कर | छ | छ | नभएको |
| ८ | मनोरञ्जन कर | छ | छ | नभएको |
| **(ख)** | **गैरकरतर्फ** | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छ | छ | नभएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | छ | नभएको |
| ३ | नक्सापास दस्तुर | छ | छ | भएको |
| ४ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | छ | भएको |
| ५ | बहाल विटौरी शुल्क | छ | छ | नभएको |
| ६ | पार्किङ्ग शुल्क | छ | छ | नभएको |
| ७ | सरकारी सम्पत्तिको बहालबाट आय | छ | छ | |
| ८ | अस्पताल सञ्चालन | छ | छ | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | छ | नभएको |
| १० | स्थानीय खानेपानी महसुल | छ | छैन | नभएको |
| ११ | स्थानीय विद्युत् महसुल | छ | छैन | नभएको |

| क्र.सं. | आयका शीर्षक | सम्भावना छ/छैन | दर निर्धारण छ/छैन | सङ्कलन भएको/ नभएको |
|---|---|---|---|---|
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग,वन्जिजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | छैन | नभएको |
| १३ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छ | छ | नभएको |
| १४ | मूल्याङ्कन सेवा शुल्क | छ | छ | भएको |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर ( एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | छ | छ | भएको |
| १६ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | छैन | नभएको |
| १७ | वडा मार्फत् गरिने सिफारिस तथा प्रमाणित दस्तुर | छ | छ | भएको |
| १८ | दण्ड जरिवाना | छ | छ | भएको |

## ३.३ आन्तरिक स्रोत तर्फ राजस्व सङ्कलनको प्रमूख क्षेत्र र सम्भावनाको विश्लेषण

नगरपालिकाले आन्तरिक स्रोत अन्तर्गत राजस्व सङ्कलन गर्न सक्नेछन जस अनुसार प्रमुख क्षेत्रहरू राजस्व र विज्ञापन करका विभिन्न शीर्षक अनुसार कर वा दस्तुर लगाउन सक्नेछ (चित्र नं. ४)।




चित्र ४: राजस्व तथा करका विभिन्न शीर्षकहरू

### ३.३.१ कर राजस्व

**क. सम्पत्ति कर**

**हालको अवस्था:**

यस नगरपालिकाले हाल कानुनी प्रावधान अनुरूपको सम्पत्ति कर लागु गरेको छ। आ.व. २०७५/७६ देखि सम्पत्ति कर (तत्कालिन एकीकृत सम्पत्तिकर) लागु गर्ने उद्देश्य अनुरूप सम्पत्ति कर सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्नुका साथै आवश्यक सफ्टवेयर जडान गरिएको छ। सोही आ.व.देखि लागु हुने गरी एकीकृत सम्पत्ति करको प्रावधानमा परिमार्जन गरिए संगै केही अन्यौलताका कारण यो कर लागु नभएको बुझिन्छ।

नगरपालिकाको आ.व.२०८०/०८१ को आर्थिक ऐनको अनुसूची २ मा सम्पत्ति करलाई उल्लेख गरिएको छ। यसको साथै नागरिक वडापत्रमा एकीकृत सम्पत्ति कर सम्बन्धी उल्लेख गरिएको छ। आर्थिक ऐनको अनुसूचीमा मालपोतलाई भुमि कर भनेर खेत पाखोमा वर्गीकरण गरी दर निर्धारण गरिएको छ। सम्पत्ति करलाई घर करको शीर्षकमा राखेको भएपनि हाल सम्म सङ्कलन नगरेको देखिन्छ।

**सम्भाव्यता:**

यस नगरपालिकाको वस्तुस्थिति विवरण २०७५ अनुसार यहाँ कूल १८४० घरधुरी रहेका छन् भने रष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कूल घरधुरि २३२७ रहेको छ। विद्यमान कानुनी व्यवस्था

अनुसार घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कूल २३२७ घरधुरीलाई नै कूल सम्पत्ति करदाता सङ्ख्या कायम गरिएको छ। तसर्थ नगरपालिकाको प्रोफाइलमा उल्लेख भए बमोजिम कूल घरधुरीका स्वामित्वमा भएका घरहरूलाई कच्ची र फुस / खरले छाएका घर, ढुङ्गा, माटो/ खर/ टायल/टिनको छानो भएका घर, टायल वा ढुगांले छाएका घर, र वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर गरी ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल उल्लिखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ। यस अनुसार हुन आउने सम्पत्ति करको गणना निम्न अनुसार रहेको छ :

तालिका ५: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| करदाता सम्बन्धी विवरण | करदाताको संख्या | करको औसत दर न्युनतम (प्रस्तावित)* | सम्भाव्य कुल आय रु. |
|---|---|---|---|
| ढुंगा,माटो र टायल/टिनको छानोको घर भएका | ६४० | ९०० | ५७६००० |
| ढुंगा,माटोको जोडाई, सिमेन्ट प्लास्टर र टायल/टिनको छानोको घर भएका | १९९ | १२०० | २३८८०० |
| ढुंगा,माटोको जोडाई, सिमेन्ट प्लास्टर र ढुङ्गाको छानोको घर भएका | १४६९ | १५०० | २२०३५०० |
| वाल/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर भएका करदाता | १९ | २००० | ३८००० |
| **जम्मा** | २३२७ | | ३०,५६,३०० |

स्रोत: रष्ट्रिय जनगणना २०७८, *नगरपालिकाको आर्थिक ऐन २०८०

**सुधारका पक्षहरू:**

सम्पत्ति कर कार्यान्वयनका लागी यस नगरपालिकाले गर्नुपर्ने विषयहरू निम्न अनुसार रहेको देखिन्छ:

- ✓ घर करको रूपमा लिइएको सम्पत्ति करलाई सम्पत्ति कर नै उल्लेख गरी प्रगतिशील करको दर निर्धारण गरी समावेश गर्ने।
- ✓ सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागी तालिम सञ्चालन गर्ने।
- ✓ सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने।
- ✓ सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर नगरपालिका कार्यालय तथा सबै वडारूबाट सङ्कलन गर्ने।
- ✓ सम्पत्ति करलाई घर करको शीर्षकमा नराखि सम्पत्ति करको शीर्षकमा राख्नुपर्ने।

## ख. मालपोत वा भूमि कर

### हालको अवस्थाः

यस नगरपालिकाको आर्थिक ऐनको अनुसूची २ अनुसार सम्पत्ति कर वा घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ भनी उल्लेख गरिएको छ। ऐनमा सम्पत्ति करलाई घर कर भनी लेखिएको छ भने मालपोत करलाई मालपोत दस्तुर शीर्षक दिइएको छ। जग्गाको विभिन्न वर्गीकरण अनुसार कर सङ्कलन गर्ने नियममा उल्लेख गरिएको छ। जस अनुसार बारी र खेतलाई परम्परागत विधि अनुसार अब्बल, दोयम, सीम र चाहार गरी चार समूहमा वर्गीकरण गरी सो जग्गाको क्षेत्रफल अनुसार कर सङ्कलन गर्ने व्यवस्था गरिएको छ । यस नगरपालिकामा आ.व.२०७७/७८, २०७८/७९ र २०७९/८० मा यस शीर्षक अन्तर्गत  कूल रकम यकिन नभएको देखिन्छ।

### सम्भाव्यताः

रष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कूल २३२७ घरधुरीको औसत ३३ रोपनिका दरले जग्गाको स्वामित्व रहेको देखिन्छ। यस क्षेत्रमा रहेको कृषियोग्य जमिन ४६२३४१ रोपनी खेतीयोग्य जमिन रहेको छ। यहाँको जमिन मध्ये ६० % जमिन मालपोत योग्य जमिन गणना गर्दा २७७४०४ रोपनी हुन आउँछ। कूल क्षेत्रफलको जम्मा २४ प्रतिशत जमिन मात्र सिञ्चित खेतबारी रहेको छ। करिव ९० प्रतिशत क्षेत्रफलमा जग्गाधनी आफैले खेती गरेका छन्। उक्त जमिनमा नगरपालिकाले जमिनको वर्गीकरण अनुसार औसत रु. १० र १२  का दरले कर लगाउदा कूल रु. ९ लाख ०५ हजार ७८४ कर सङ्कलन हुन सक्ने सम्भावना रहन्छ।

तालिका ६: सम्भाव्य मालपोत कर

| सि.नं. | जग्गा जमिनको विवरण पहाड (रोपनी) | पाखो जमिन हुने घरधुरी | कर को दर रेट प्रति रोपनि रु. | जम्मा | खेत बारि हुने घरधुरी | कर को दर रेट प्रति रोपनि रु. | जम्मा | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५ रोपनी सम्म | १९७ | १० | ७८८० | १९७ | १२ | ९४५६ | १७३३६ |
| २ | ६ देखि १० रोपनी सम्म | ४२३ | १० | २९६१० | ४२३ | १२ | ३५५३२ | ६५१४२ |
| ३ | ११ देखि २० रोपनी सम्म | ८२१ | १० | १०६७३० | ८२१ | १२ | १२८०७६ | २३४८०६ |
| ४ | २१ देखि ३० रोपनी सम्म | ७०२ | १० | १७५५०० | ७०२ | १२ | २१०६०० | ३८६१०० |
| ५ | ३० रोपनि भन्दा माथि | १८४ | १० | ९२००० | १८४ | १२ | ११०४०० | २०२४०० |
| | **जम्मा** | २३२७ | | ४११७२० | २३२७ | | ४९४०६४ | ९,०५,७८४ |

स्रोतः नगरपालिका प्रोफाइल २०७६, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र २०७५,

*नगरपालिकाको आर्थिक ऐन २०८०

**सुधारका पक्षहरू:**

यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा सुधारका पक्षहरू निम्नानुसार छन् :

- ✓ नगरपालिकाले मालपोत कार्यालयसँग समन्वय गरी जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- ✓ करको दर निर्धारण गर्दा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मूल्य जाने क्षेत्रहरूमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम गर्ने।
- ✓ मालपोतको करको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

**ग. घरजग्गा बहाल कर**

**हालको अवस्था:**

यस नगरपालिकाको चालू आर्थिक ऐनको दफा २ तथा अनुसूची ३ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहाल दिएकोमा १० प्रतिशतका दरले घरबहाल कर लगाई असुल उपर गरिनेछ भन्ने उल्लेख गरेको छ। रष्ट्रिय जनगणना २०७८,अनुसार नगरपालिकामा कूल ३३४ परिवार भाडामा बस्दै आएका छन् । आ.व. २०८०/८१ मा घरजग्गा बहाल कर शीर्षकमा रकम सङ्कलन भएको देखिदैंन ।

**सम्भाव्यता:**

संकलित तथ्याङ्क अनुसार नगरपालिका क्षेत्रमा ७ वटा बैंक तथा सहकारी संस्थाहरू, १७० परिवार र अन्य २१२ व्यवसायहरू बहालमा हुन सक्ने अनुमान गरीएको छ । यस तथ्याङ्कका आधारमा घर बहालमा बस्नेको सङ्ख्या र सम्भावित घरबहाल कर निम्न तालिकामा प्रस्तुत गरिएको छ । व्यक्ति र संस्थाका लागी प्रस्तावित विभिन्न दर रेटमा आधारित रही घर बहाल कर सङ्कलन गर्दा नगरपालिका भरिमा कुल रु. ३ लाख ६ हजार घर बहाल कर उठ्ने अनुमान गरिएको छ । यस नगरपालिकाले कोठा भाडा लगाउने घरधनी वा संझौता बमोजिम व्यवसायिक र व्यक्तिगत प्रयोजनको लागी भाडामा दिँदा बहाल रकमको १० प्रतिशतले घर बहाल कर सङ्कलन भएमा वार्षिक कुल रु. १५ लाख २ हजार ४०० घर बहाल कर उठ्न सक्ने अनुमान गरिएको छ ।

तालिका ७: घर तथा व्यवसाय बहालमा लगाए वापत प्राप्त हुनसक्ने

| क.सं. | बहालमा बस्ने प्रयोजन | बहालमा बस्ने अनुमानित संख्या | अनुमानित औषत मासिक भाडा रकम | वार्षिक औषत भाडा रकम | घरबहालको बिभीन दरले हुने आम्दानी |
|---|---|---|---|---|---|
| १ | कोठा भाडामा बस्ने | १७० | १५०० | ३०६०००० | ३०६००० |
| २ | व्यापार व्यवसाय | २१२ | ३५०० | ८९०४००० | ८९०४०० |
| ३ | बैंक तथा सहकारी | ७ | १५००० | १२६०००० | १२६००० |
| ४ | औद्योगिक प्रयोजन | १० | १५००० | १८००००० | १८०००० |
| | | | जम्मा | १५०२४००० | १५,०२,४०० |

स्रोत: नगरपालिका प्रोफाइल २०७५ *नगरपालिकाको आर्थिक ऐन २०८०

**सुधारका पक्षहरू:**

यस नगरपालिकाद्वारा घर जग्गा बहालमा लगाउने र वस्ने व्यक्तिहरूको तथा व्यवसायहरूको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागी सूचित गर्ने ।

**घ. व्यवसाय कर**

**हालको अवस्था:**

यस नगरपालिकाको आर्थिक ऐनको दफा ३ मा व्यापार, व्यवसाय र सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था उल्लेख गरेको छ । आर्थिक ऐनको अनुसूची ३ मा विभिन्न व्यवसायमा लाग्ने व्यवसाय कर सम्बन्धी उल्लेख गरेको छ । साथै नयाँ व्यवसाय दर्ता र नवीकरण सम्बन्धी कार्यविधि २०७५ पनि जारी गरेको छ । यस नगरपालिकामा विभिन्न स्थानमा सामान्य चिया नास्ता पसल, स्थानीय स्तरका होटल तथा स्तरीय होटलहरू स्थापना भएका देखिन्छन् । यी स्थानीय होटल र रेस्टुरेन्टमा स्थानीय मानिसहरू, विभिन्न कार्यक्रमका लागी बाहिरबाट आउने मानिसहरू बस्ने भएकाले विशुद्ध पर्यटकीय उद्देश्यका लागी होटलहरू विकास भैसकेका छन् तर यस शीर्षक अन्तर्गत राजस्व सङ्कलन नभएको देखिन्छ ।

**सम्भाव्यता:**

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को नतिजा अनुसार नगरपालिकामा जम्मा ४९७ वटा व्यवसायहरू रहेका छन् । नगरपालिकामा दर्ता भएका व्यवसायहरूको विवरणका आधारमा व्यवसायको सङ्ख्या अनुमान गरिएको छ । यस नगरपालिका भित्र करिब ४९७ वटा विभिन्न किसिमका व्यवसायहरू सञ्चालनमा रहेको अनुमान छ । सोही आधारमा विश्लेषण गरी व्यवसाय करको देहाय अनुसार सम्भाव्यता यकिन गरिएको छ:

तालिका ८: व्यवसाय कर तथा सम्भावित आय

| क.सं. | विवरण | अनुमाननित संख्या | *औसत करको दर रु. | संभावित आय रु. |
|---|---|---|---|---|
| १ | टेलर्स | १२ | १००० | १२००० |
| २ | सुनचाँदी व्यवसाय | २ | २००० | ४००० |
| ३ | भाँडा व्यवसाय | २ | १००० | २००० |
| ४ | होटल व्यवसाय | ४१ | २५०० | १०२५०० |
| ५ | फेन्सी व्यवसाय | ५ | २००० | १०००० |
| ६ | क्लिनिक तथा औषधी व्यवसाय | ६ | २००० | १२००० |
| ७ | तरकारी तथा फलफूल व्यवसाय | ३८ | ५०० | १९००० |
| ८ | इलेक्ट्रोनिक व्यवसाय | १२ | २००० | २४००० |
| ९ | माछामासु पसल, व्यवसाय | ३ | १००० | ३००० |
| १० | हेयर सैलुंन तथा सौन्दर्यकला व्यवसाय | ३ | २५०० | ७५०० |
| ११ | उद्योग | ५१ | ५००० | २५५००० |
| १२ | आर्ट व्यवसाय | ३ | २५०० | ७५०० |
| १३ | पशु पंक्षी पालन व्यवसाय | १५ | ५०० | ७५०० |
| १३ | वर्कसप | २ | २५०० | ५००० |
| १४ | प्राईभेट विद्यालय संचालन | ४ | १६००० | ६४००० |
| १५ | ठेक्कापट्टा | १०८ | ६००० | ६४८००० |
| १६ | जुत्ता पसल | २ | ५०० | १००० |
| १७ | फोटो स्टुडियो | ३ | २००० | ६००० |
| १८ | फर्निचर | १ | ३००० | ३००० |
| १९ | किराना पसल तथा व्यवसाय | ७८ | २००० | १५६००० |
| २० | कार्गो | ४ | २००० | ८००० |
| २१ | कम्प्युटर ट्रेनिङ सेन्टर साईबर व्यवसाय | २ | ५००० | १०००० |
| २२ | पुस्तक व्यवसाय तथा फोटोकपी | ११ | १००० | ११००० |
| २३ | मनी ट्रान्सफर | ७ | २५०० | १७५०० |
| २४ | सहकारी | ४ | १५०० | ६००० |
| २५ | खाजा घर तथा चिया पसल | २९ | १००० | २९००० |
| २६ | ढुवानी सेवा | ३६ | २५०० | ९०००० |
| २७ | बैंक तथा | ७ | २०००० | १४०००० |
| २८ | सहकारी | | | |
| २९ | एफ.एम. | २ | १५०० | ३००० |
| ३० | मदिरा व्यवसाय | ४ | २००० | ८००० |
| | **जम्मा** | ४९७ | | १६,७१,५०० |

स्रोत: नगरपालिकाको वस्तुस्थिति विवरण २०७५ *नगरपालिकाको आर्थिक ऐन २०८०

**सुधारका पक्षहरू:**

यस नगरपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउनका लागी निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ (चित्र नं. ५)।




चित्र ५: व्यवसाय कर सङ्कलनको सम्भावित सुधारहरू

### ङ विज्ञापन कर

**हालको अवस्था:** यस नगरपालिकाको आर्थिक ऐन २०८० मा विज्ञापन करको दर उल्लेख गरिएको छ । उक्त कानुन अनुसार नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागी राख्न दिने साइनबोर्ड/होडिङ बोर्ड आदिमा विज्ञापन कर लगाउन सक्ने व्यावस्था छ। सङ्घीय कानुन अनुसार विज्ञापन कर प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो। विज्ञापन करको दर निर्धारण तथा सङ्कलन नगरपालिकाले गर्दछ र उक्त सङ्कलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारले र बाँकी स्थानीय सरकारले लिने व्यवस्था रहेको छ।

**सम्भाव्यता:**

नगरपालिकाले पर्यटकीय सम्भावना रहेका स्थानहरू, सडकका छेउमा होर्डिङ्ग बोर्ड राखेर विज्ञापन कर सङ्कलन गर्न सक्ने छ । त्यसरिनै यस नगरपालिकामा रहेका व्यवसायीहरूले राखेका बोर्डहरू बाट विज्ञापन कर सङ्कलन गर्न सक्ने सम्भावना रहेको छ। नगरपालिका क्षेत्रमा हुने विज्ञापन सामग्री वाट (४९७ व्यवसाय वाट औसत रु. २०० का दर ले ) आगमी आ.व.मा अनुमानित रु. ७८ हजार सम्म सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ।

तालिका ९: विज्ञापन कर तथा सम्भावित आय

| सि.न. | होडिं बोर्डका किसिम | संख्या | *करको औषत दर (प्रस्तावित) | संभावित राजश्व (रू. मा) | संभावित नगरपालिकाको राजश्व (रू. मा) |
|---|---|---|---|---|---|
| १ | साना बोर्ड (४*६) | २० | ७०० | १४००० | ८४०० |
| २ | मझौला बोर्ड (१०*१०) | १० | १००० | १०००० | ६००० |
| ३ | व्यवसायिहरुले राखेका बोर्ड(४*४) | ४९७ | २०० | ९९४०० | ५९६४० |
| | | | जम्मा : | १,२३,४०० | ७४,०४० |

स्रोतः स्थलगत अध्ययन २०८०,*नगरपालिकाको आर्थिक ऐन २०८०

**सुधारका पक्षहरू:**

सुधारका पक्षहरू निम्नानुसार छन् ।

- ✓ विज्ञापनका लागी उपयुक्त स्थानहरूको पहिचान गर्ने ।
- ✓ सङ्कलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- ✓ न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

३.३.२ गैर कर राजस्व

**क) बिक्रीबाट प्राप्त रकम (ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)**

**हालको अवस्था** : स्थानीय सरकार सञ्चालन ऐन २०७५ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा र माटो बिक्री गरी कर उठाउन सक्ने प्रावधान रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधनसँगै यस शीर्षकको राजस्व उठाउन नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ। साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्याङ्कनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिसका आधारमा स्थानीय तहले ढुङ्गा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

माथि उल्लिखित वस्तुहरू नगरपालिका आफैले बिक्री गर्न सक्ने प्रावधान रहेको र यो प्रावधान अनुसार थोरै मात्रामा भएको छ । गत आर्थिक ऐनमा प्रदेश कानुन अनुसार दहत्तर, बहत्तर आदिको सङ्कलन तथा बिक्री गरी बिक्री शुल्क लगाइने र असूल उपर गर्ने व्यवस्था गरिएको छ । यस नगरपालिकाको विभिन्न सम्भाव्य स्थानहरूको प्रारम्भिक वातावरणिय परिक्षण गरी ढुङ्गा, गिट्टी, बालुवा, माटो वा स्लेटे उत्खनन् गर्न सकिने र उक्त स्थानहरूबाट राजस्व सङ्कलन हुन सक्ने सम्भावना उल्लेख गरिएको छ ।

आर्थिक ऐनमा नगरपालिका भित्रको नदीजन्य पदार्थको बिक्री गर्न सकिने व्यवस्था पनि रहेको छ। यस नगरपालिकाले विभिन्न ठाउँहरूबाट कर सङ्कलन गरेको छ । यस नगरपालिकामा रहेका खोलाहरूवाट नदीजन्य बस्तुहरू ठेक्का लगाई आम्दानी गर्न सक्ने देखिन्छ।

**सम्भावना :**

यस ठुलिभेरी नगरपालिकाले सम्भाव्य क्षेत्रको प्रारम्भिक वातावरणिय परिक्षण गरी उत्खनन गर्न सकिने परिमाण र उल्लिखित स्थानहरू तोकि राजस्व सङ्कलन हुन सक्ने देखिन्छ। हालको बिक्री अवस्था र बजारलाई विश्लेषण गर्दा आगामी आ.व.मा जम्मा ४०१३२२० सङ्कलन हुने सक्ने सम्भावना रहेको।

तालिका १०: ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्रीबाट सम्भावित आय

| क्र.सं. | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | उत्खन्न गर्न सकिने परिमाण ( घ.मि.) | उत्खन्न गर्न प्रस्ताव गरिएको परिमाण (घ.मि.) | औसत दर | संभाव्य रकम |
|---|---|---|---|---|---|
| १ | **ढुङ्गा** | १३४८८.४८ | ९४४१.९३६ | १२५ | ११८०२४२ |
| २ | **गिट्टी** | १४७८७.४३ | १०३५१.२ | १२५ | १२९३९०० |
| ३ | **बालुवा** | २९३१५.४३ | २०५२०.८ | ७५ | १५३९०६० |
| जम्मा | | ५७५९१.३४ | ४०३१३.९४ | | ४०१३२०२ |

**सुधारका पक्षहरू :**

विभिन्न वातावरणीय पक्षलाई मध्यनजर गर्दै तल उल्लिखित सुधारहरू गरे अनुमानित राजस्व उठ्न सक्ने देखिन्छ।

- ✓ वातावरणीय अध्ययन गरी प्रतिवेदनले सिफारिस गरेका मापदण्डभित्र रहेर मात्र उत्खनन् तथा बिक्री कार्य गर्ने गराउने।
- ✓ ठेक्का नलाग्ने अवस्था भएमा नगरपालिका आफैले सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने।
- ✓ ठेक्का नलागुञ्जेलका लागी नगरपालिका स्वयम्ले रकम सङ्कलन गर्ने।
- ✓ नगरपालिकाले आर्थिक ऐन विपरित ढुङ्गा, गिट्टी, बालुवा र माटो सङ्कलन गर्ने ठेकदारलाई कारवाही, दण्ड जरिवाना गर्न सकिने प्रावधान आर्थिक ऐनमा समावेश गर्ने।
- ✓ सङ्कलन कार्यको नियमित रूपमा अनुगमन गरी मापदण्डभित्र मात्र रहेर उत्खनन् भए नभएको सुनिश्चित गर्ने।

**ख) बहाल बिटौरी शुल्क**

**हालको अवस्था:** यस नगरपालिका भित्र सञ्चालन गरेको हाटबजार वा सरकारी जग्गामा बनेका संरचना उपयोग गर्न दिए वापत नगरपालिकाले बहाल बिटौरी शुल्क लगाउन, सङ्कलन गर्न पाउने कानुनी व्यवस्था रहेको छ। नगरपालिकाले आर्थिक ऐनको दफा ८ को अनुसूची (९)

अनुसार असुल उपर गर्ने व्याहोरा उल्लेख गरिएको छ। यस नगरपालिका भित्र बहाल बिटौरी शुल्क उठाउने गरिएको छैन।

**सम्भावना:**

नगरपालिकाले आवश्यक पहल गरेमा यस नगरपालिकामा सञ्चालनमा रहेका बजार वा नगरपालिका मातहतमा रहेका संरचनाबाट यस शीर्षक अन्तर्गत करिब रु. १ लाखसम्म सङ्कलन हुने अनुमान गरिएको छ।

### ग) नक्सा पास दस्तुर

**हालको अवस्था:**

आर्थिक ऐन २०८० को दफा १३ मा स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची १२ मा तोकएको दर अनुसार सेवा शुल्क तथा दस्तुर सङ्कलन गर्ने व्यवस्था गरेको छ। यस नगरपालिकाले नक्सा पास दस्तुर कार्यान्वयनमा ल्याएको छ। यस सेवा दिए वापत नगरपालिकाले वार्षिक रूपमा राजस्व सङ्कलन गर्दै आएको छ।

**सम्भावना:**

नगरपालिका भित्र नयाँ निर्माण हुने सबै घरहरूको विद्यमान कानुनी व्यवस्था अनुसार नक्सापास र पहिले नै निर्माण भइसकेका घरहरूको हकमा आर्थिक ऐनमा व्यवस्था गरी अभिलेखीकरण गर्नु आवश्यक हुन्छ। नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार करिब २३२७ वटा पुराना घरहरू अभिलेखिकरणमा आउने पनि अनुमान गरिएको छ। नक्सापास दस्तुर सङ्कलनको अनुमानित रकम तलको तालिका ८ मा प्रस्तुत गरिएको छ :

तालिका ११: नक्सा पास दस्तुर अन्तर्गत अनूमानित राजस्व

| सि.न. | घरका किसिम | परिमाण | *करको औषत दर (प्रस्तावित) | संभावित राजश्व (रू. मा) |
|---|---|---|---|---|
| १ | नयाँ घर | २० | ५००० | १००००० |
| २ | नक्सा पास दस्तुर | १०० | ५००० | ५००००० |
| ३ | पुराना घरहरुको अभिलेखिकरण | २३२७ | १००० | २३२७००० |
| | जम्मा | | | २९,२७,००० |

स्रोत: स्थलगत अध्ययन २०८०,*नगरपालिकाको आर्थिक ऐन २०८०

**सुधारका पक्षहरूः**

यस शिर्षक अन्तरगत गैरकर सङ्कलन गर्न नक्सापास तथा घर अभिलेखीकरण प्रक्रियालाई व्यवस्थीत गर्न आवश्यक देखिन्छ । यसले गर्दा भवन निर्माण प्रक्रियालाई समेत नियमन गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ निम्न पहल गर्न जरुरी देखिन्छ।

- ✓ आवश्यक मापदण्ड अनुसार नक्सापासको प्रावधान लागु गर्ने ।
- ✓ घरको तला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गर्ने र समयानुकूल दस्तुर पनि परिमार्जन गर्दै लैजाने ।
- ✓ घर अभिलेखीकरणका लागी मालपोत सङ्कलन कार्यसँग आवद्ध गरी वार्षिक रूपमा अभियान सञ्चालन गर्ने ।

## घ) व्यवसाय दर्ता / रजिस्ट्रेसन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्थाः**

आर्थिक ऐनको अनुसूची ४, दफा ५ मा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको व्यवसायको इजाजत सेवा सम्बन्धी व्यवस्था गरेको छ । जस अन्तर्गत स्थानीय तहले विभिन्न व्यावसायहरू जस्तै एफ.एम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागी अनुमति दिन र सो वापत दस्तुर सङ्कलन गर्ने प्रावधान रहेको छ । आ. व. २०७८/७९ र २०७९ /८० मा यस शीर्षकमा राजस्व सङ्कलने नभएको देखिएको छ ।

**सम्भावना :**

नगरपालिका भित्र सञ्चालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदिलाई अनुमति दिई नियमित गर्नुपर्ने तथा नयाँ सञ्चालनमा आउन चाहनेलाई इजाजत दिन सकिने कानुनी व्यवस्था छ। नगरपालिकामा यस्ता व्यवासायिक फर्महरू करिव ४९७ वटा भएको अनुमान गरिएको छ जसबाट रु ७,०३,४०० सङ्कलन हुने अनुमान गरिएको छ ।

तालिका १२: रजिस्ट्रेसन दस्तुर अन्तर्गत अनुमानित राजस्व

| सि.न. | ब्यवसाय | संख्या | *करको औषत दर (प्रस्तावित) | संभावित राजश्व (रू. मा) |
|---|---|---|---|---|
| १ | कृषि, वन, माछा पालन | ४५ | २००० | ९०००० |
| २ | उत्पादन | ६ | १०००० | ६०००० |
| ३ | खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | ५१ | १००० | ५१००० |
| ४ | थोक तथा खुद्रा व्यापार | २५० | १००० | २५०००० |
| ५ | होटल, लज | ४१ | ९०० | ३६९०० |
| ६ | वित्त, वीमा | १५ | २५०० | ३७५०० |
| ७ | अन्य | ८९ | २००० | १७८००० |
| जम्मा | | ४९७ | | ७,०३,४०० |

स्रोत: स्थलगत अध्ययन २०८०,*नगरपालिकाको आर्थिक ऐन २०८०

**सुधारका पक्षहरू:**

- ✓ नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्न अनुमति प्रमाणपत्र अनिवार्य गर्ने र अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायलाई दण्ड जरिवानाको व्यवस्था गर्ने ।
- ✓ आर्थिक ऐन अनुसार दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- ✓ दर्ता तथा अनुमतिका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- ✓ अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायहरूको तथ्याङ्क अभिलेखीकरण गरी अनुमति प्रमाणपत्र लिन लगाउने ।

### ङ) सिफारिश तथा प्रमाणित दस्तुर:

**हालको अवस्था:**

आर्थिक ऐन मार्फत् नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा कागजात प्रमाणित गरे वापत कार्यपालिकाको कार्यालय तथा वडाबाट शुल्क तथा दस्तुर सङ्कलन गर्दै आएको छ । आर्थिक ऐनले सेवा शुल्क वापत विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ। सिफारिश तथा प्रमाणित दस्तुर वापत यस नगरपालिकाले दस्तुर लिएता पनि यस शिर्षक अन्तर्गत नछुट्याएको पाईएको छ ।

**सम्भावना:**

कार्यपालिकाको कार्यालय तथा वडाको तथ्याङ्क अनुसार नगरपालिकाको सबै (११ वटा) वडाहरूले औषत रु. ५०० का दरले वार्षिक ३००० वटा शुल्क लाग्ने सिफारिश गर्ने अनुमान गरिएको छ । त्यसैगरि नगरपालिकाले करिव १५०० वटा विभिन्न सेवा शुल्क लाग्ने सिफारिशहरू गर्ने अनुमान गरिएको छ ।

तालिका १३: सिफारिश तथा प्रमाणित दस्तुर अन्तर्गत अनुमानित राजस्व

| क्र.सं. | प्रमाणित तथा दस्तुरका प्रकारहरु | अनुमानित संख्या (वार्षिक) | *औसत दर रु. | संभाव्य रकम |
|---|---|---|---|---|
| १ | सिफारिस | ३००० | ३०० | ९००००० |
| २ | व्यक्तिगत घटना दर्ता | १००० | २५० | २५०००० |
| ३ | न्यायिक दण्ड जरिवाना र जफत | ५०० | ५०० | २५०००० |
| ४ | न्यायिक दस्तुर | ११० | २०० | २२००० |
| ५ | नाता प्रमाणित दस्तुर | ७०० | २०० | १४०००० |
| ६ | प्रशासनिक दण्ड जरिवाना र जफत | ७०० | ५०० | ३५०००० |
| ७ | परिक्षा सुल्क | २४ | २५०० | ६०००० |
| ८ | अन्य दस्तुर | १५०० | ५०० | ७५०००० |
| जम्मा | | | | २७२२००० |

स्रोत: स्थलगत अध्ययन २०८०,*नगरपालिकाको आर्थिक ऐन २०८०

**सुधारका पक्षहरू:**

- ✓ शीर्षक अनुसार सिफारिश तथा दस्तुरहरूको छुट्टाछुट्टै अभिलेख राख्ने ।
- ✓ सिफारिश वा कागजात प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने वा पैसा तिरेको भौचर जाँच गर्ने ।
- ✓ दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- ✓ विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- ✓ वडाबाट सङ्कलित शीर्षकसहितका दस्तुरहरूको विवरण तयार गर्ने ।

**च) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :**

**हालको अवस्था:**

यस नगरपालिकाले उपकरण सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी जेसिवी र ट्र्याक्टर भाडामा लगाई आम्दानी गर्ने गरेको छ । विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको नभए पनि कार्यविधि तयार गरेर आफै दर रेट निर्धारण गर्ने गरेको छ । यस नगरपालिकाको स्वामित्वमा रहेका जेसीबी, ट्र्याक्टर जस्ता भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिने देखिन्छ ।

**सम्भावना:**

नगरपालिकाको स्वामित्वमा भएका भौतिक सम्पत्तिहरू (जेसिवी, ट्र्याक्टर ) को बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्कको आधार नभएकाले आगामी आ.व.मा देहाय अनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ । जस अनुसार जेसिवीबाट अनुमानित आय ५ लाख, एम्बुलेन्स तथा सभा हलबाट समेत ३ लाख ५० हजार कूल ८ लाख ५० हजार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- ✓ नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने भौतिक सम्पत्तिहरूको विवरण तयार गरी सम्पत्तिको बहाल रकमको दर निर्धारण गर्ने ।
- ✓ नगरपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- ✓ कार्यविधिमा उल्लिखित शर्तहरू पालना भए नभएको अनुगमन गर्ने ।

## छ) जडीबुटी कर

**हालको अवस्था:**

आर्थिक ऐन २०८० को दफा ६ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, बनकस, कबाडि माल र प्रचलित कानुनले निषेध गरिएको जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र सङ्कलन गर्ने व्यवस्था गरेको छ ।

**सम्भावना:**

नगरपालिकाको सबै वनबाट वार्षिक रूपमा काठ, दाउरा र जडीबुटी उल्लेख्य मात्रामा निकासी हुने गरेको तथ्याङ्कले देखाउँछ । वनमा रहेका जडीबुटीको यकिन पहिचान हुन नसकेको देखिन्छ । यस नगरपालिका बाट वार्षिक ७०६९० के.जि. जडीबुटी निकासी हुने गरेको छ । वनमा रहेका जडीबुटीको प्रचुर मात्रामा पहिचान हुन नसकेको देखिन्छ । नगरपालिकाका वडामा रहेका सामुदायिक वनहरू तथा राष्ट्रिय वनबाट आगामी आ.व.मा न्यूनतम ७९६९० किलो जडीबुटी सङ्कलन हुने जसबाट रु. ३२९५३३० जम्मा आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

तालिका १४: जडीबुटि कर अन्तर्गत अनूमानित राजस्व

| जडीबुटी | उत्पादन / निकासी के.जी. | *करको औषत दर (प्रस्तावित) प्रती के. जी. | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|
| जडिबुटी | ७०६९० | २ | १४१३८० |
| जडिबुटी(यार्सा) | ६०० | ५००० | ३०००००० |
| कृषि उपज | ४४६५० | ३ | १३३९५० |
| कवाडी | २०००० | १ | २०००० |
| | | **जम्मा** | ३२,९५,३३० |

स्रोत: स्थलगत अध्ययन २०८०,*नगरपालिकाको आर्थिक ऐन २०८०

**सुधारका पक्षहरू:**

कवाडी, जडिवुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागी निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- कवाडी, जडिवुटी र जीवजन्तु करको सम्भाव्यता अध्ययन गर्ने ।
- जडिबुटी तथा कवाडीको वर्गिकरण अनुसार निकासी कर कायम गरेमा यो राजस्व रकम अझै बढ्न सक्ने देखिन्छ ।
- सम्भाव्यता अध्ययनको प्रतिवेदनका आधारमा कार्यान्वयनलाई अघि बढाउन करको आधार, दायरा, मूल्याङ्कन, दर निर्धारण कार्यशाला आयोजना गरी छलफल तथा अन्तर्क्रिया गर्ने र करको दर, दायरा तथा संकलन कार्यविधि स्थापित गर्ने
- जडिवुटी सम्बन्धि अध्ययन तथा उत्पादन क्षेत्र पहिचान गर्ने
- यस सम्बन्धि व्यवसाय प्रवर्द्धन गर्न सहयोग गर्ने
- छिमेकी स्थानीय सरकारहरुसँग समन्वय गरी करमा एक रुपता ल्याउने
- जडीबुटी, कवाडी तथा जीवजन्तुको व्यवसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

## ज. फोहोर मैला व्यवस्थापन शुल्क

**हालको अवस्था :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास जस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ । नगरपालिकाले फोहोर मैला व्यवस्थापन नगरेको भएता पनि शुल्क निर्धारण गरेको छ । नगरवासीले स्वविवेकले फोहोर मैला व्यवस्थापन गरि आएका छन् । नगरपालिका भित्र वातावरण तथा सरसफाई व्यवस्थापन भएको खासै देखिएको छैन । गाउँ क्षेत्रमा तत्काल फोहोर मैला व्यवस्थापन शुल्क सुरु गर्न सकिने अवस्था नदेखिए पनि बजारीकरण हुदै गरेका आसपासका क्षेत्रमा फोहोरमैला व्यवस्थापन सुरु गर्नुपर्ने अवस्था छ ।

**सम्भावना :** नगरपालिकाको बजार क्षेत्रमा साना तथा मझौला पसल व्यवसाय बढ्दै जानुको साथै शहरीकारण बढ्दै जानाले यस क्षेत्रमा फोहोर व्यवस्थापनको काम तत्काल सुरु गर्नुपर्ने देखिन्छ । यसको उचित व्यवस्थापनको लागी उपयुक्त स्थान खोजी गर्ने तथा कानुन अनुसार बजार क्षेत्रबाट फोहोरमैला व्यवस्थापन शुल्कको सुरुआत गर्न सकिने सम्भावना देखिन्छ । नगरपालिकाले संकलन गर्न सक्ने सम्भावित आय समेत आँकलन गरिएको छ :

तालिका १५: फोहोरमैला व्यवस्थापन शुल्क अन्तर्गत अनूमानित राजस्व

| क्र.सं. | फोहर मैला प्रकारहरु | अनुमानित संख्या | *मासिक दर रु. | संभाव्य रकम |
|---|---|---|---|---|
| १ | घरायसि | ९७४ | १०० | ११६८८०० |
| २ | होटल | ४१ | ५०० | २४६००० |
| ४ | अन्य व्यवसाय | ४८३ | ३०० | १७३८८०० |
| जम्मा | | | | ३१५३६०० |

स्रोत: स्थलगत अध्ययन २०८०,*नगरपालिकाको आर्थिक ऐन २०८०

**झ. सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय**

**हालको अवस्था :** हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित नगरपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । तर यस नगरपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरूबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्याङ्क नभएकाले हालसम्म कुनै पनि रकम सङ्कलन नभएको अवस्था छ ।

**संभावना :** यस नगरपालिकामा रहेका १७ वटा सामुदायिक वन १२ वटा कबुलियति वन र १ निजी वन रहेका छन् । ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्यांक नभएको तर स्थानीय शासन सञ्चालन ऐनको संशोधन अनुसार वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको दश प्रतिशतले नगरपालिकाले आम्दानि गर्न सकेमा १७ वटा सामुदायिक वन बाट कम्तिमा ३० हजारका दरले जम्मा रु. ५ लाख संकलन हुन सक्ने अनुमान गरिएको छ । **सुधारका पक्षहरू:**

- नगरपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायिक वन पैदावार बिक्री तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना नगरपालिकाले स्विकृत गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

**ञ. पार्किङ शुल्क**

**हालको अवस्था:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यबस्था रहेको छ। गाडिको संख्या बढ्दै जादा गाडी पार्किङ्ग गर्ने व्यबस्थित स्थान नहुदा फोहर बढ्दै गईरहेको छ। नगरपालिका भित्र अनावश्यक रुपमा गाडीहरु बाटोमा पार्किङ्ग गर्दा सडक दुर्घटना पनि बढदै गएको छ । त्यसैले यस क्षेत्रमा पनि व्यबस्थित र सुबिधा सम्पन्न खालको बसपार्क स्थापना हुनु जरुरी छ। यस क्षेत्रमा जिप, बसहरु गरी करिव दैनिक १० वटा र ठुला ५ वटा सम्म यात्रुबाहक गाडीहरु यस क्षेत्रमा सञ्चालनमा रहेका छन् ।।

**सम्भावना:** यस नगरपालिका अन्तर्गत पर्ने उपयुक्त स्थानमा पार्किङ स्थल निर्माण गरी सेवा प्रदान गर्न सकिएको खण्डमा यातायात आवागमन सहज हुनुका साथै नगरपालिकाको आम्दानी बृद्धिमा समेत टेवा पुग्ने देखिन्छ। नगरपालिकाको बजार केन्द्रमा पार्किङ पूर्वाधार वा व्यवस्थापन गरी पार्किङ शुल्क असुल गर्न सकिने सम्भावना रहेको छ। पार्किङ शुल्कको सम्भाव्यता सम्बन्धी विवरण देहायअनुसार रहेको छ :

तालिका १६: पार्किङ शुल्क अन्तर्गत अनुमानित राजस्व

| सि.न. | यातायातका किसिम | संख्या प्रति दिन | संख्या बार्षिक | *करको औषत दर (प्रस्तावित) | संभावित राजश्व (रू. मा) |
|---|---|---|---|---|---|
| १ | साना (मोटर साइकल, अटो ) | १० | ३५०० | १० | ३५००० |
| २ | मझौला कार, भ्यान तथा जीप | १० | ३६०० | ५० | १८०००० |
| ३ | ठुला गाडिहरु | ५ | १८०० | १०० | १८०००० |
| | जम्मा | | | | ३९५००० |

स्रोत: स्थलगत अध्ययन २०८०,*नगरपालिकाको आर्थिक ऐन २०८०

**सुधारका पक्षहरू:**

नगरपालिकाले पार्किङ शुल्कमा सुधार ल्याउनको लागी प्रारम्भिक रूपमा निम्नअनुसार कार्यहरू गर्नुपर्ने देखिन्छ :

- नगरपालिकामा जथाभावी पार्किङ गर्ने ट्रक तथा अन्य सवारी साधनहरूका लागी उपर्युक्त स्थानमा पार्किङ्ग स्थल बनाउने
- पार्किङ शुल्कको दर निर्धारण गर्ने
- पार्किङ शुल्क असुली विधि निर्माण र कार्यान्वयन।

# परिच्छेद–चार: आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेद चारमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई मुख्य रूपमा व्याख्या गरिएको छ। यस विश्लेषणले नगरपालिकाको थप आय सङ्कलनको लागी तथा संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

नगरपालिकामा स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिका उप-मेयर को संयोजकत्वमा राजस्वसम्बन्धी परामर्शका लागी सात सदस्यीय राजस्व परामर्श समिति गठन गरिएको छ।

नगर सभाले आ.व. २०८१/८२ का लागी गरेका राजस्वसम्बन्धी नीति तथा कार्यक्रमहरू :

- नगरपालिकाबाट सञ्चालन गरिएका सेवा प्रवाहको सामाजिक परीक्षण कार्यको सुरुवात गरिने,
- ठुलिभेरि नगरपालिकाको स्रोत परिचालनलाई समतामूलक प्रगतिशील र न्यायपूर्ण बनाई राजस्वको दायरा वृद्धि गर्दै कुल बजेटमा आन्तरिक आम्दानीको अंश वृद्धि गरिदै लगिने,
- व्यवसाय कर र घर बहाल कर असुली कार्यलाई थप प्रभावकारी बनाई टोल विकास संस्थाहरूलाई परिचालन तथा जिम्मेवार बनाउने नीति लिइने,
- नगरपालिकाको स्रोत विस्तारको लागी आ. व. २०८१/०८२ देखि सम्पत्ति कर लागू गरिने,
- व्यवसाय करको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायीहरूलाई कर तिर्न प्रोत्साहित गर्न नगरपालिकामा अभिमुखिकरण तथा कर सप्ताह कार्यक्रम सञ्चालन गर्ने,
- राजस्व सङ्कलन कार्यलाई व्यवस्थित गर्न नगरपालिका र सम्बन्धीत नीजि क्षेत्रको सहयोग समन्वयमा करको दायरालाई विस्तार गर्ने,
- गैर सरकारी सङ्घ संस्थाहरूसँगको समन्वय र सहकार्यमा जोड दिइने,
- स्रोत व्यवस्थापनलाई वैज्ञानिक, यथार्थपरक र व्यवस्थित गर्न कम्प्युटर सफ्टवेयरको प्रयोगबाट डाटावेसका आधारमा कर शुल्क सङ्कलन गर्ने कार्यको थालनी गरिने,
- कर, शुल्क र दस्तुर असुली कार्यलाई उपयुक्त संयन्त्र निर्माण गरी प्राथमिकताका साथ अगाडि बढाई वक्यौता न्यून गरिने,
- उपभोक्ता समिति मार्फत् सञ्चालन हुने कुनै पनि योजनाहरूको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरू र नगरपालिका तथा वडा कार्यालयहरूमा विभिन्न सिफारिशका लागी सम्पर्कमा आउने सेवाग्राहीहरू समेतबाट आफूले बुझाउनु पर्ने सम्पत्ति कर, व्यवसाय कर, बहाल कर लगायतका सम्पूर्ण कर तथा शुल्क चुक्ता गरिसकेपछि मात्र सम्झौता गरिने तथा सिफारिस उपलब्ध गराइने नीति लिइने,

- वित्तीय स्रोत परिचालन र व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउँदै सम्पूर्ण करदातालाई स्वःस्फूर्त रूपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको अनुभूति दिलाईने,
- बढी कर तिर्ने करदातालाई निश्चित मापदण्ड तयार गरी सम्मानित गर्ने,
- राजस्व तथा आर्थिक कारोवारमा पारदर्शिता, जवाफदेहिता, सहभागिता र अनुमान योग्यता प्रवर्द्धन गर्न तथा वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्त बनाई वित्तीय सूचनाको अभिलेख र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गरिने,
- नगरपालिकाले उठाउने सम्पत्ति कर, व्यवसाय कर, घर बहाल कर, मनोरन्जन करहरूलाई पारदर्शी, प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधि र निर्देशिकाहरू बनाई व्यवस्थित गरिने ।

तालिका १७: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| क) सङ्गठनात्मक व्यवस्था | | |
| राजस्व शाखाको व्यवस्था सङ्गठन संरचनामा छ छैन ? | छ | भरपर्दो अनुमान योग्य र प्रविधिमैत्री बनाउनु पर्ने । |
| राजस्व शाखामा कुन तहका कति दरवन्दी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | दरवन्दीको व्यवस्था छैन | दरवन्दी सहित कर्मचारीको व्यवस्था हुनु पर्ने । |
| राजस्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ की छैन ? | छैन | बनाउनु पर्ने |
| कर्मचारीहरूलाई उनीहरूको जिम्मेवारी स्पष्ट र लिखित रूपमा दिईएको छ छैन ? | छ । | जिम्मेवारी प्रति उत्तरदायी हुनु पर्ने । |
| कर्मचारीहरूलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | सामान्यतय भएको | प्रविधिमैत्री गराउनु पर्ने । |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | सामान्य रहेको | सबै विषयमा सफ्टवयरमार्फत प्रविधिमैत्री गराउनु पर्ने |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | केही गरिएको छैन | क्षमता विकासको तालिमको आवश्यकता भएको |
| राजस्व परिचालनका लागि वडा लाई दिईएको जिम्मेवारी के छ ? | दिइएको छ | वार्षिक लक्ष्य तोकेर जिम्मा दिनु पर्ने । |
| **ख) राजस्व प्रशासन सञ्चालनको अवस्था** | | |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझाबहरू |
|---|---|---|
| करदाताहरूको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरू – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, वहाल आदि | व्यवस्थित नभएको | छुट्टै अभिलेख बनाई व्यवस्थिक राखन् पर्ने । |
| गाँउपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरूको विवरण तथा सोको परिचालन कस्तो छ ? | स्थिर सम्पत्ती वाहेक खप्रे सामानको लगत राखिएको | डिजिटलाइज गर्नु पर्ने । |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सहि रूपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | भएको छैन | राजश्व परामर्श समितिको क्षमता विकास गर्नु पर्ने । |
| चुहावट हुन सक्ने सम्भावनाहरू के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | सामान्य | कर प्रणालीलाई व्यवस्थित र प्रविधिमैत्री बनाउनु पर्ने |
| व्यवस्थाको बर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | छ | प्रचलित कानून वमोजिम |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरिवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरूमा कसरी लागु गरिएको छ ? | वार्षिक कर नीति अनुसार हुने गरेको | वार्षिक प्रगति विवरण अनुसार अध्यावधिक गर्नु पर्ने । |
| करदाताहरूलाई उनीहरूले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | वेभसाइट मार्फत गर्ने गरिएको | सचेतना अभियान संचालन गर्नु पर्ने । |
| गाँउ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने व्यवस्था केकस्तो छ ? | रहेको छ । | सुचनाका सबै माध्यमहरुको प्रयोगमा ल्याउन सकिने |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | कुनै लक्ष्य तोकिएको छैन । | त्रिपर्षिय कार्य योजना बनाई लागु गर्नु पर्ने |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | छैन | |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरूलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? | वेभसाइट मार्फत गरिएको छ। | सबै माध्यमको प्रयोग गर्नु पर्ने |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | | |
| करको दर निर्धारण तथा समीक्षामा सरोकार पक्षहरूको सहभागिता कस्तो छ ? | सामान्य | विषय विज्ञसंगको परामर्शमा गर्नु पर्ने । |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरूको प्रभावकारीता कस्तो छ ? (बैठक सङ्ख्या, निर्णयहरू आदि) | वर्षमा १ पटक | समितिको क्षमता विकास गर्नु पर्ने । |
| राजस्व असुलीमा सरोकार पक्षहरूको सकारात्मक सहभागिताको अवस्था कस्तो छ ? | सामान्य | सचेतना अभियान संचालन गर्नु पर्ने । |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | छ | सहयोगी भावनाको विकस गर्नु पर्ने |
| आयका स्रोतहरूको अभिलेख व्यवस्था कस्तो छ ? | छ | अनलाइन गर्नु पर्ने |
| गाँउ/नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | गरेको छ । | नियमिता हुनु पर्ने |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरू कसरी संवोधन भएका छन् ? | असुलउपर गर्ने गरेको | बेरुजुको अभिलेख व्यवस्थित गरि विद्युतीय माध्यमा राख्नु पर्ने |

आन्तरिक आय उठाउन सक्ने तर हालसम्म नउठाएका आय शीर्षकहरू तथा सोको परिचालन गर्ने उपाय:

| सम्भाव्य भए पनि हालसम्म नउठाएका आय शीर्षकहरू | लागु नहुनुको कारण | परिचालन गर्ने उपाय |
|---|---|---|
| जडिवुटि कर | | |
| पर्यटकीय स्थलमा राजस्व उठाउन सकिने | राम्रो व्यवस्थापन तथा मर्मत गर्न नसकेको | राम्रो व्यवस्थापन तथा मर्मत गरी कर उठाउने |

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

ठुलिभेरी नगरपालिकाको प्रभावकारी राजस्व परिचालनका लागी कार्यपालिका बैठकले उपाध्यक्षको संयोजकत्वमा देहाय अनुसार राजस्व परामर्श समिति गठन गरेको छ :

तालिका १८: राजस्व परामर्श समिति

| क्र.सं. | समितिका व्यक्तिहरू र पद | जिम्मेवारी |
|---|---|---|
| १ | छिरिङ टोल्मा महत | संयोजक |
| २ | दन्ता न्यैपाने | सदस्य सचिव |
| ३ | तेजेन्द्र बहादुर रोकाया | सदस्य |
| ४ | दिल माया वि. क. | सदस्य |
| ५ | लालि मान बुढा | सदस्य |
| ६ | | सदस्य |

राजस्व परामर्श समितिले समितिमा छलफल गरी सर्वसम्मतिले आवश्यकता अनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू नगरसभा समक्ष पेस गर्ने गरेकोछ । राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने सम्बन्धमा छलफल गरी आ.व. २०८०/८१ मा लागु भएका राजस्व सम्बन्धी नीति तथा कानुनलाई सर्वसम्मत निर्णय गरिएको छ । स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेस गर्ने प्रतिवेदनको ढाँचा अनुसूची ४ मा संलग्न गरिएको छ । यस नगरपालिको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रममा राजस्व सम्बन्धमा लिइएका नीति देहाय अनुसार रहेका छन् ।

- ✓ नगरपालिकाले राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरी थप राजस्वका क्षेत्रहरूको पहिचान गर्दै आगामी वर्ष देखि राजस्व अभिवृद्धि गर्ने तर्फ सम्बन्धित सबै क्षेत्र र वर्गलाई करको दायरामा ल्याउन आवश्यक पहल गरिनेछ ।
- ✓ नगरपालिकाको राजस्वका दर तथा क्षेत्र निर्धारण गर्दा प्रचलित ऐन नियम तथा कार्याविधिको अधीनमा रही राजस्व परामर्श समितिको सिफारिशको आधारमा करका दायराहरू निर्धारण गरिनेछ ।
- ✓ सम्पत्ति करलाई व्यावहारिक, वैज्ञानिक र न्यायोचित बनाईने छ ।
- ✓ नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा एकल अधिकार क्षेत्रभित्र रही स्रोत परिचालनलाई समतामुलक, प्रगतिशील र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजस्व निर्धारण गरिनेछ ।
- ✓ सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजस्व अभिवृद्धि गरी कूल बजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने छ ।

तालिका १९: ठुली भेरी नगरपालिकामा राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | दन्ता न्यौपाने | कार्यक्रम संयोजक | ▪ राजस्व प्रशासनसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने<br>▪ राजस्वको प्रतिवेदन तयार गर्ने<br>▪ राजस्व अभिलेख, सार्वजनिकीकरण सम्बन्धित कार्य गर्ने<br>▪ राजस्व असुली तथा सङ्कलन गर्ने<br>▪ राजस्व बिलिङ गर्ने<br>▪ राजस्व सफ्टवयर सञ्चालन गर्ने<br>▪ लेखा अधिकृतलाई सहयोग गर्ने |

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल यस नगरपालिकाको राजस्वको संस्थागत क्षमता देहाय अनुसार रहेको छ :

- ✓ राजस्व सम्बन्धीकार्यका लागी प्रशासनिक रूपमा राजस्व उपशाखासमेत गठन भई कामकाज भैरहेको तर राजस्व प्रशासनका लागी आवश्यक कर्मचारी र भौतिक सुविधा पर्याप्त नरहेको ।
- ✓ राजस्व सङ्कलनमा कार्यरत कर्मचारीहरूका लागी आवश्यक तालिम तथा अभिमुखीकरण नभएको ।
- ✓ राजस्व सङ्कलन कार्यका लागी नगरपालिका तथा वडा कार्यालयहरूमा कम्प्युटर तथा सफ्टवेयर जडान भए तापनि आवश्यक तालिम तथा अभिमुखीकरण नभएको ।
- ✓ स्थानीय राजस्व परामर्श समिति राजस्व परिचालनका लागी क्रियाशिल रहेको ।
- ✓ राजस्व सङ्कलनमा वडास्तरमा कम्प्युटर विलिङ्ग प्रयोग भइरहेको ।
- ✓ नगरपालिकाका सबै वडा कार्यालयहरूबाट मूलत: मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर सङ्कलन गर्ने गरिएको ।
- ✓ वडा कार्यालयहरूले सङ्कलन भएको रकम मासिक रूपमा एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा पेस गर्ने गरेको ।
- ✓ आर्थिक ऐन र यथार्थ सङ्कलन बिचको तालमेल कमजोर रहेको ।
- ✓ राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- ✓ राजस्व परिचालनसम्बन्धी छुट्टै नीति नबनेको ।
- ✓ हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारिताका लागी अनुगमन तथा मूल्याङ्कन नभएको ।

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन

यस नगरपालिकाले विगत आर्थिक वर्षहरूको तथ्याङ्कको शीर्षकगत आय अभिलेख रहेको भएपनि आन्तरिक आयको अनुमान एकमुष्ठ गर्ने गरेको पाइयो। यस कार्यले नगरपालिकाको समग्र राजस्व प्रक्षेपणलाई प्रभावकारी बनाउन अलि कठिनाइ हुने देखिन्छ। नगरपालिकाबाट प्राप्त अभिलेख अनुसार आ.व.२०७८/७९ र २०७९/८० मा सङ्कलन गरेको यथार्थ आय तथा चालु आ.व. २०८०/८१ का लागी गरिएको अनुमान सम्बन्धी आय विवरण तलको तालिका २० र २१ मा प्रस्तुत गरिएको छ।

तालिका २०: राजस्व परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| | सम्पत्ति कर | छ | नभएको | भएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नभएको | भएको |
| | घर जग्गा बहाल कर | छ | नभएको | भएको |
| | व्यवसाय कर | छ | नभएको | भएको |
| | जडीबुटी, कबाडी र जिवजन्तु कर | छ | नभएको | भएको |
| | विज्ञापन कर | छ | नभएको | भएको |
| | मनोरञ्जन कर | छ | नभएको | भएको |
| ख. | अन्य राजस्व | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छ | नभएको | भएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिकी | छ | नभएको | भएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | छ | नभएको | भएको |
| | नक्सापास दस्तुर | छ | भएको | भएको |
| | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | छ | भएको | भएको |
| | बहाल बिटौरी शुल्क | छ | नभएको | भएको |
| | पार्किङ्ग शुल्क | छ | नभएको | भएको |
| | अस्पताल सञ्चालन | छ | नभएको | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| | स्थानीय खानेपानी महसुल | छ | नभएको | नभएको |
| | स्थानीय विद्युत महसुल | छैन | नभएको | नभएको |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जिजम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | नभएको | भएको |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | छ | नभएको | नभएको |
| | मूल्याङ्कन सेवा शुल्क | छ | भएको | भएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | छ | भएको | भएको |
| | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | नभएको | भएको |
| | वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| | दण्ड जरिवाना | छ | भएको | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| | होमस्टे नवीकरण | छैन | नभएको | नभएको |
| | सहकारी दर्ता र नवीकरण | छ | नभएको | भएको |
| | सामाजिक संस्था दर्ता र नवीकरण | छ | नभएको | भएको |
| | सामुदायिक वनको आम्दानी | छ | नभएको | नभएको |

तालिका २१: नगरपालिकाको विगतको आय परिचालनको अवस्था (रु हजारमा)

| आय शीर्षक | २०७७/०७८ को यथार्थ आय | २०७८/०७९ को यथार्थ आय | २०७९/०८० को यथार्थ आय | २०८०/०८१ को अनुमानित आय |
|---|---|---|---|---|
| **क. आन्तरिक आय** | ८५०० | ३०३९.३७३ | ७४५१.५९९ | ६८३३.५ |
| आन्तरिक आम्दानी | ८५०० | ३०३९.३७३ | ७४५१.५९९ | ६८३३.५ |
| **ख.राजस्व बाँडफाँड** | ७०९१०.४२६ | ५८६७७ | ७१३८६.४४५ | ७०५५१.७४२ |
| संघीय सरकार बाट (मु.अ.कर तथा अन्त: शुल्क) | ७०६१०.४२६ | ५८६७७ | ७१३८६.४४५ | ७००२५.२४२ |
| प्रदेश सरकार बाट (सवारी साधन) | ३०० | ० | ० | ५२६.५ |
| **ग.वित्तीय हस्तान्तरण तथा अनुदान** | ३१९४६० | ३८३९८५.६०८ | ३६९७१२.०२९ | ३९२७८७.९९४ |
| **संघीय सरकार** | २९०५०० | २४१००६.३०४ | १७४५२७.२८८ | २९५८१४.९९४ |
| समानीकरण अनुदान | ८२२०० | ९३८२७ | ९००७४.२५ | ० |
| सशर्त अनुदान | १९१५०० | १२०५७३.०५ | ६९५५६.२९७ | २८५८१४.९९४ |
| बिषेश अनुदान | ० | ८४८५.७५४ | १२८९६.७४१ | १०००० |
| समपुरक अनुदान | १६८०० | १८१२०.५ | २००० | ० |
| अन्य अनुदान | ० | ० | ० | ० |
| **प्रदेश सरकार** | २८९६० | १४२९७९.३०४ | १९५१८४.७४१ | ९६९७३ |
| समानिकरण अनुदान | ९८६० | ० | ० | १८६२५ |
| सशर्त अनुदान | ११०० | १२०५७३.०५ | १८०२८८ | ७८३४८ |
| बिषेश अनुदान | ० | ४२८५.७५४ | १२८९६.७४१ | ० |

| आय शीर्षक | २०७७/०७८ को यथार्थ आय | २०७८/०७९ को यथार्थ आय | २०७९/०८० को यथार्थ आय | २०८०/०८१ को अनुमानित आय |
|---|---|---|---|---|
| समपुरक अनुदान | १८००० | १८१२०.५ | २००० | ० |
| अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० | १७९०२.०८४ |
| कुल जम्मा | ३९८८७०.४२६ | ४४५७०१.९८१ | ४४८५५०.०७३ | ४८८०७५.३२ |

तलिका नं. २० बाट यस नगरपालिकाको मुख्य स्रोतको रूपमा मालपोत तथा सिफारिश तथा दस्तुर नै आम्दानी रहेको देखिन्छ । अन्य सेवा शुल्क अन्तर्गत संस्थागत रूपमा प्राप्त भएको घरजग्गा बहाल कर, मालपोत र सिफारिश दस्तुर नगरपालिकाको आम्दानीका प्रमुख स्रोतको रूपमा रहेको देखिन्छ ।

## ४.४. राजस्व परिचालनमा रहेका सवालहरू

यस नगरपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ। आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई सम्बोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ ।



चित्र ६: राजस्व परिचालनमा रहेका सबालहरू

### क) कर सङ्कलन सामर्थ्यको अभिवृद्धि

यस नगरपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रूपमा रहेका करहरू जस्तै सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल कर आदीहरू प्रभावकारी कार्यान्वयनमा आउन सकेका छैन । कर सङ्कलनका सबै सम्भाव्य क्षेत्रहरूलाई यस अध्ययन क्रममा पहिचान गरिए अनुरूप तिनीहरूको व्यावहारिक कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ ।

### ख) सङ्गठनात्मक संरचना र कर्मचारी व्यवस्था

नगरपालिका राजस्वसम्बन्धी काम गर्न वरिष्ठ अधिकृत स्तर र सहायक स्तर गरी दुई जनालाई जिम्मेवारी दिइएको भए पनि नगरपालिकाको छुट्टै राजश्व शाखा गठन भएको देखिन्छ । नगरसभाले संगठन चार्ट स्वीकृत गरी कार्य बोझका आधारमा शाखा, उपशाखा तथा इकाइहरूको लागी आवश्यक कर्मचारीको व्यवस्था गर्नुपर्ने र जिम्मेवारी अनुसार सान्दर्भिक तालिम तथा अन्य क्षमता अभिवृद्धिका अवसरसमेत उपलब्ध गराउँदै जानुपर्ने देखिन्छ ।

### ग) आर्थिक ऐनमा सुधार

नगरपालिकाको आर्थिक ऐन भएपनि ऐनलाई सुधार गरी व्यावहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । नगरपालिकाको जे.सी.बी., ट्राक्टर, प्रोजेक्टर तथा अन्य यन्त्रउपकरण जस्ता भौतिक सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरूलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यसका साथै परिवर्तित व्यवस्था अनुसार सवै जग्गा जमिनमा सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई परिमार्जन गर्दै लैजानु पर्ने देखिन्छ ।

### घ) तथ्याङ्कमा आधारित अभिलेख

नगरपालिकामा सम्पत्ति कर, भूमि कर, व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउनेको सङ्ख्या के कति छ भन्ने तथ्याङ्क उपलब्ध छैन । यसर्थ सबै किसिमका करदाताको विवरण सङ्कलन गरी नियमित अद्यावधिकरणको व्यवस्था गर्नु आवश्यक छ, यसले करको दर, दायरा तथा समग्र राजस्वको सम्भावित आकार अनुमान गर्न आधार प्रदान गर्दछ । अद्यावधिक अभिलेख विना राजस्वसम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन नसक्ने भएकाले तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना हुनु अति जरुरी छ ।

### ङ) कार्यविधि तर्जुमा

आय परिचालन आय परिचालनसम्बन्धी नीति तथा मूख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषय

पर्दछन् । हाल कुन-कुन शीर्षकमा के-कति राजस्व सङ्कलन भइरहेको छ भन्ने अस्पष्टताको अवस्था अन्त्य गरी शीर्षकगत रूपमा आय स्पष्ट हुने गरी लेखा राख्नु जरुरी छ ।

### ज) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धीत आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागी राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागी राजस्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नु पर्दछ । आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबिच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँड सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

### झ) सामाजिक-आर्थिक अवस्था र कर सङ्कलन सामर्थ्यबिचको सामञ्जस्यता

नेपालमा अधिकांश पहाडी स्थानीय जीवन कृषिमा निर्वाहमुखी छ। साथै आर्थिक स्रोत पनि कमजोर भएको हुनाले जनसङ्ख्याको ठूलो हिस्साको कर तिर्न सक्ने क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको छ । त्यसतै यस स्थानीय तहमा पनि आजआर्जनका अवसरहरूको कमी रहेको छ। यसका साथै करदातामा कर तिर्नुपर्छ भन्ने ज्ञान र भावनाको कमी रहेको हुँदा नयाँ करहरू थपिनु भनेको स्थानियलाई समस्याका रूपमा रहन सक्दछ । अर्कातर्फ, दिएका कानुनले अधिकार क्षेत्रहरूमा कर सङ्कलन नगर्दा नगरपालिकाले कर सङ्कलन सामर्थ्य कमजोर देखिन सक्छ। त्यसैले नगरपालिका भित्रका सबै सम्भाव्य क्षेत्रहरूमा न्यूनतम दर र करका प्रगतिशील सिद्धान्तलाई ध्यानमा राखी कर कार्यान्वयन गर्नु उपयुक्त हुनसक्छ।

### ञ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको सङ्कलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु पर्दछ। साथै करदातासँग निरन्तर संवाद गर्नुपर्दछ। यसका लागी सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवाला पक्षहरूलाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद–पाँच: राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा ठुलीभेरी नगरपालिकाले आगामी आ.व.को राजस्व परिचालनलाई प्रभावकारी बनाउनका लागी उपयुक्त कार्ययोजनाहरू प्रस्तुत गरिएको छ। परामर्शदाताद्वारा सङ्कलित तथ्याङ्क तथा सूचनाहरू, तिनीहरूको विश्लेषणबाट आएका नतिजाहरू तथा नगरपालिकासँग सम्बद्ध सरोकार पक्षहरूसंग गरिएको छलफल तथा कुराकानीलाई समेत समावेश गरी कार्ययोजनाको मस्यौदा तयार गरिएको हो। राजस्व सुधारका कार्ययोजना तलका तालिकाहरूमा विस्तृतमा उल्लिखित गरिएको छ।

**क. कर राजस्व सुधारका योजनाहरू**

तालिका २२: राजस्व सुधार कार्ययोजनाहरू

| क.सं. | सुधारका लागी गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **भूमिकर तथा मालपोत** | | |
| | १. जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने। | २०८१ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न उत्साहित गर्ने। | २०८१ पौष देखि अर्धवार्षिक रूपमा नियमित | राजस्व शाखा<br>वडा कार्यालय |
| **२** | **सम्पत्ति कर** | | |
| | १. आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने। | २०८१ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. सम्पत्ति कर व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्ने। | २०८१ पौषसम्म | राजस्व परामर्श समिति |
| | ३. वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | २०८१ श्रावण देखि नियमित | राजस्व शाखा<br>वडा कार्यालय |
| | ४. सम्बन्धित कर्मचारी तथा पदाधिकारीका लागी तालिमको व्यवस्था गर्ने। | २०८१ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| **३** | **घर जग्गा बहाल कर** | | |
| | १. प्रतगतिशिल करको दर अवलम्बन गर्ने | २०८१ असार मसान्त | राजस्व परामर्श समिति |

| क्र.सं. | सुधारका लागी गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | २. बहालमा भएका घर तथा जग्गाहरूको लगत सङ्कलन गर्ने । | २०८१ पौषसम्म | राजस्व शाखा<br>वडा कार्यालय |
| | ३. बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई करको दायरमा ल्याउने । | २०८१ भाद्र देखि निरन्तर | राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| **४.** | **व्यवसाय कर** | | |
| | १. व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरी लागु गर्ने । | २०८१ माघ सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २. व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने । | २०८१ माघ सम्म | राजस्व<br>परामर्श समिति |
| | ३. दर्ता भएका व्यवसायहरूको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने । | नियमित | राजस्वा शाखा,<br>वडा कार्यालयहरू |
| | ४. व्यवसाय दर्ता तथा कर सङ्कलनका लागी मुख्य बजारक्षेत्रहरूमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने । | २०८१ षौष देखी अर्धवार्षिक रूपमा | राजस्वा शाखा,<br>वडा कार्यालयहरू |
| **५.** | **जडीबुटी, कबाडी र जीवजन्तु कर** | | |
| | १. जडीबुटी तथा कबाडी सङ्कलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने । | २०८१ आषाढ मसान्त | राजस्व शाखा,<br>राजस्व<br>परामर्श समिति |
| | २. जडीबुटी र कबाडी करको दर निर्धारण गरी सो अनुसार ठेक्का वन्दोवस्त गर्ने । | २०८१ आषाढ मसान्त | नगरसभा,<br>कार्यपालिका |

## ख. गैरकर राजस्व सुधार योजना

तालिका २३: गैरकर राजस्व सुधार योजनाहरू

| क्र.सं. | सुधारका लागी गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| | १. आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>- हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरू अनुसार शीर्षक हेरफेर गर्ने ।<br>- व्यावहारिक नदेखिएका, हुन नसक्ने तथा सङ्घीय कानुनसँग बाझिने प्रावधानहरूलाई हटाउने ।<br>- राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।<br>- जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०८१ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. राजस्व नीति सामर्थ्यमा आधारित तथा Tax-benefit Principle मा आधारित बनाउने | २०८१ कार्तिक मसान्त | नगरपालिका |
| २ | सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था) | | |
| | १. राजस्व उपशाखालाई शाखाको रूपमा स्थापना गर्ने । | २०८१ चैत मसान्त सम्म | नगरपालिका |
| | २. राजस्व शाखाका लागी थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०८१ चैत मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ३. राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने । | २०८१ असोज सम्म | प्रमुख प्रशासकीय अधिकृत |

| क्र.सं. | सुधारका लागी गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | ४. विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने । | २०८१ असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| ३ | करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता | | |
| | १. विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागी चेतनामूलक सूचनाहरू प्रचार प्रसार गर्ने । | २०८१ असोज देखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| | २. चौमासिक रूपमा खर्चसँगै आन्तरिक आय सङ्कलनको विवरण सार्वजनिक गर्ने । | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४. | राजस्व सुधार कार्ययोजना कार्यान्वयन | | |
| | १. यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू कार्यान्वयनको सुनिश्चितता गर्ने। | २०८१ साउन देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| | २. कार्ययोजना कार्यान्वयनका लागी आवश्यक पर्ने बजेट व्यवस्था गर्ने । | २०८१ माघ मसान्त | कार्यपालिका नगर सभा |

# परिच्छेद–छः आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेद छ मा आगमी तीन आ.व.हरूका लागी नगरपालिकाको राजस्व प्रक्षेपण गरिएको छ। नगरपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। उक्त प्रक्षेपण गर्दा महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा गरिएको छ। यस प्रक्षेपणले आय बजेट तर्जुमा गर्न उल्लेखनिय सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

माथि भनिए अनुसार आगामी तीन वर्ष (आ.व. २०८१/८२ देखि २०८३/८४) को लागी आय प्रक्षेपण गरिएको छ । यो आय प्रक्षेपण अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । प्रक्षेपण गरिएका अधिकांश शीर्षकहरूको आय प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेतलाई मध्यनजर गरिएको छ भने केही शीर्षकहरूको आय प्रक्षेपण विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानि गरिएको छ।

तालिका २४: आगामी तीन आ.व.हरू का लागी राजस्व प्रक्षेपण (रु. हजारमा)

| राजश्व संकेतंब्ङ्गब्ङ्गस्म्छड | राजश्व शिर्षक | २०८०/८१ कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| क. | आन्तरिक आय तर्फ | २७१९६.६१६२ | |
| ११३१३ | सम्पत्ति कर | ३०५६.३ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमी कर (मालपोत) | ९०५.७८४ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | १५०२.४ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल विटौरी शुल्क | १०० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४६११ | व्यवसाय कर | १६७१.५ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | ५०० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| | सामुदायिक वनबाट प्राप्त आय | ५१० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |

| राजश्व संकेतंब्ञब्ञस्म्छड | राजश्व शिर्षक | २०८०/८१ कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| | ढुङ्गा, गिट्टी, बालुवा विक्री | ४०१३.२ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| | फोहरमैला व्यवस्थापन सेवा शुल्क | ३१५३.६ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | १३३.९५ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ८५० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४२२४ | परिक्षा शुल्क | ६० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४२४१ | पार्किङ्ग शुल्क | ३९५ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४२२१ | न्ययिक दस्तुर | २२ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४२४२ | नक्सापास दस्तुर | २९२७ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४२४३ | सिफारिश तथा प्रमाणित दस्तुर | ९०० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (मुल्यङ्कन समेत) | ५०० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर र व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क | २५० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ७५० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १०९४.५ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १४० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |

| राजश्व संकेतंब्ज्ञस्म्छड | राजश्व शिर्षक | २०८०/८१ कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | २५० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३५० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| १४५२९ | अन्य राजस्व | ० | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| ११६३२ | जडिबुटि,कवाडि, | ३१६१.३८ | आ.व. २०८१/८२ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| **ख** | **राजश्व बाँडफाँट** | **८०१०८.५३** | |
| **ख.१** | **नेपाल सरकार** | **७९२३५.१३** | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने<br>मु.अ.कर | ६९६४९.३ | गत आ.को प्राप्त रकममा क्रमशः ६ प्रतिशतका दरले वृद्धि हुँदै<br>जाने अनुमान जाने अनुमान |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ९२०९.८९२ | अनुमान नगरिएको |
| १४१५३ | बाँडफाँड भई प्राप्त वनरोयल्टी | ० | अनुमान नगरिएको |
| ११४५१ | बाँडफाँड भई प्राप्त सवारी कर | ३७५.९४२ | आ.व. २०८१/८२ मा कूल संभावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा ११ प्रतिशतले बढ्दै जाने |
| **ख.२** | **प्रदेश सकार** | **८७३.४** | |
| १४१७७ | प्रदेशसंग राजस्व बाँडफाँड | ० | अनुमान नगरिएको |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ७५० | गत आ.को प्राप्त रकममा क्रमशः ६ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | अनुमान नगरिएको |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १२३.४ | आ.व. २०८१/८२ मा कूल संभावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा ११ प्रतिशतले बढ्दै जाने |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | **४३०५८१.४७** | |
| **ग.१** | **नेपाल सरकार** | **३१८७११.७३** | |
| १३३११ | समानीकरण अनुदान | ० | अनुमान नगरिएको |
| १३३१२ | ससर्त अनुदान चालु | १८४००० | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | १०१८१४.९९ | |
| १३३१४ | विशेष अनुदान चालु | १२८९६.७४ | |

| राजश्व संकेतंब्जञ्जस्म्छड | राजश्व शिर्षक | २०८०/८१ कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १३३१५ | विशेष अनुदान पूँजीगत | १०००० | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमश: ५ प्रतिशतले बढ्दै जाने |
| १३३१६ | समपुरक अनुदान चालु | ० | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमश: ५ प्रतिशतले बढ्दै जाने |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | १०००० | |
| १३३१८ | अन्य अनुदान चालु | ० | अनुमान नगरिएको |
| | (सामाजिक सुरक्षा समेत) | ० | |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ० | |
| **ग.२** | **प्रदेश सरकार** | **१११८६९.७४** | |
| १३३११ | समानीकरण अनुदान | १८६२५ | चालु आ.व.को अनुमानमा ८ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१२ | ससर्त अनुदान चालु | ७८३४८ | गत आ.व.को यथार्थ रकममा ८ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ० | |
| १३३१४ | विशेष अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१५ | विशेष अनुदान पूँजीगत | १२८९६.७४ | |
| १३३१६ | समपुरक अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | २००० | |
| १३३१८ | अन्य अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ० | |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | **०** | |
| १३४११ | अन्य संस्थागत आन्तरिक | ० | अनुमान नगरिएको |
| | अनुदान | ० | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक | ० | |
| | अनुदान | ० | |
| **कूल जम्मा** | | **५३७८८६.६२** | |

## ६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

यस नगरपालिकाको आगामी तीन वर्षको प्रक्षेपित राजस्व/ आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। माथिका अध्यायहरूमा प्रस्ताव गरिए अनुसार र ऐन अनुसार करका दायरा विस्तार गर्न सकेको खण्डमा नगरपालिकाको आय वृद्धि हुने देखिन्छ। आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी प्रक्षेपणको लागी राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ।

तालिका २५: आगामी तीन आ.व.का लागी राजस्व प्रक्षेपण

| राजस्व | राजश्व शिर्षक | यर्थाथ | | | अनुमानित | आधार वर्ष | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| संकेत | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| **१००००** | **राजस्व तथा अनुदान** | ३९८,८७०,४२६.० | ४४५,७०१,९८१.० | ४४८,५५०,०७३.० | ४९८,०७५,३२०.० | ५३७,८८६,६२६.२ | ५६१,४७०,८१०.८ | ५९३,८९१,६६२.९ | ६२८,२६२,७८६.८ |
| | **आन्तरिक आय** | ८,५००,०००.० | ३,०३९,३७३.० | ७,४५१,५९९.० | ६,८३३,५००.० | २७,१९६,६१६.२ | २१,७५७,२९३.० | २३,२८०,३०३.५ | २४,९०९,९२४.७ |
| ११३१३ | सम्पत्ति कर | | | | १,०००,०००.० | ३,०५६,३००.० | २,४४५,०४०.० | २,६१६,१९२.८ | २,७९९,३२६.३ |
| ११३१४ | भूमी कर/ मालपोत | | | | २००,०००.० | ९०५,७८४.० | ७२४,६२७.२ | ७७५,३५१.१ | ८२९,६२५.७ |
| ११३२१ | घर बहाल कर | | | | ४००,०००.० | १,५०२,४००.० | १,२०१,९२०.० | १,२८६,०५४.४ | १,३७६,०७८.२ |
| ११३५१ | व्यवसाय कर | | | | ४००,०००.० | १,६७१,५००.० | १,३३७,२००.० | १,४३०,८०४.० | १,५३०,९६०.३ |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | | १,०९४,५००.० | ८७५,६००.० | ९३६,८९२.० | १,००२,४७४.४ |
| ११३२२ | बहाल विटौरि शुल्क | | | | ५०,०००.० | १००,०००.० | ८०,०००.० | ८५,६००.० | ९१,५९२.० |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | | | ८५०,०००.० | ६८०,०००.० | ७२७,६००.० | ७७८,५३२.० |
| ११६३२ | जडिबुटि,कवाडि, | | | | | ३,१६१,३८०.० | २,५२९,१०४.० | २,७०६,१४१.३ | २,८९५,५७१.२ |
| १४२१९ | सामुदायिक वनबाट प्राप्त आय | | | | | ५१०,०००.० | ४०८,०००.० | ४३६,५६०.० | ४६७,११९.२ |
| | अन्य सेवा शुल्क तथा बिक्री | | | | | ५००,०००.० | ४००,०००.० | ४२८,०००.० | ४५७,९६०.० |
| | (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | | | | | ४,०१३,२०२.२ | ३,२१०,५६१.८ | ३,४३५,३०१.१ | ३,६७५,७७२.२ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (मुल्यङ्कन समेत) | | | | ३३०,०००.० | ५००,०००.० | ४००,०००.० | ४२८,०००.० | ४५७,९६०.० |
| १४२२१ | न्यायिक दस्तुर | | | | २,०००.० | २२,०००.० | १७,६००.० | १८,८३२.० | २०,१५०.२ |

| राजस्व संकेत | राजश्व शिर्षक | यर्थाथ | | | अनुमानित | आधार वर्ष | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| १४२२४ | परिक्षा शुल्क | | | | १०,०००.० | ६०,०००.० | ४८,०००.० | ५१,३६०.० | ५४,९५५.२ |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | | | | १,०००,०००.० | १३३,९५०.० | १०७,१६०.० | ११४,६६१.२ | १२२,६८७.५ |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | ५०,०००.० | ३९५,०००.० | ३१६,०००.० | ३३८,१२०.० | ३६१,७८८.४ |
| १४५२२१ | प्रदुषण सुल्क | | | | | ३,१५३,६००.० | २,५२२,८८०.० | २,६९९,४८१.६ | २,८८८,४४५.३ |
| १४२४२ | नक्सापास दस्तुर | | | | ३००,०००.० | २,९२७,०००.० | २,३४१,६००.० | २,५०५,५१२.० | २,६८०,८९७.८ |
| १४२४३ | सिफारिश दस्तुर | | | | २५०,०००.० | ९००,०००.० | ७२०,०००.० | ७७०,४००.० | ८२४,३२८.० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | ५०,०००.० | २५०,०००.० | २००,०००.० | २१४,०००.० | २२८,९८०.० |
